# प्रभाव दैनिक
National Daily



**सहिदहरूप्रति सम्मान गरौं**

- सहिदहरु राष्ट्रिय गौरव हुन्,
- सहिदहरूको वलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरुप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरु एकसाथ जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ११ | अंक २६३ | काठमाडौं | शनिबार, ०५ माघ २०८१ | Prabhab National Daily | Saturday, January 18, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## बुटवल सडक निर्माण धमाधम, गुणस्तरमा आशंका



■ **दामोदर खनाल**

**बुटवल–** बुटवलको राजमार्गअन्तर्गत चौराहदेखि चिडियाखोलासम्म अलपत्र सडक निर्माणको काम आठ वर्षपछि सुरू भएको छ । हाल निर्माण कार्यले तीव्रता पाए पनि गुणस्तरमा आशंका उब्जिएको छ ।

पुरानो निर्माण सेवा बिरूवा कञ्चनजंगा जेभीले ५० प्रतिशत काम सकेर दुई वर्षदेखि अलपत्र छोडेको करिब साढे तीन किलोमिटर सडकको काम नयाँ ठेक्का भएपछि सुरू भएको हो । सडक निर्माणको जिम्मा पाएको नयाँ ठेकेदार कम्पनी बाबुल दर्शन मालिका जेभी भैरहवाले मंसिर महिनादेखि सडक निर्माणको काममा तीव्रता दिएको छ । यद्यपि सडक निर्माणमा प्रयोग गरिएको बालुवा गुणस्तरीय नभएको र सर्भिस लेन निर्माणका क्रममा बालुवा र सिमेन्टको सम्मिश्रण पनि ठीक मात्रामा नराखिएको स्थानीयले बताएका छन् । कमसल मालवस्तु प्रयोग हुँदा सडक कमजोर बन्नेतर्फ स्थानीय सरोकारवालाहरुले गुनासो गरेका छन् ।

सडक डिभिजन बुटवल कार्यालयका सूचना अधिकारी

- बुटवलको राजमार्गअन्तर्गत चौराहदेखि चिडियाखोलासम्म अलपत्र सडक निर्माणको काम आठ वर्षपछि सुरु
- नयाँ ठेकेदारले निर्माण कार्यमा तीव्रता दिए पनि गुणस्तरमा आशंका
- वर्षौंसम्म सडक निर्माण अलपत्र छाडिँदा लागत बढ्यो, राज्यकोषमा क्षति, स्थानीय प्रभावित
- निर्माण कम्पनीले पटक–पटक ताकेता गर्दा पनि काम नगरेका कारण ठेक्का तोडेर नयाँ ठेकेदारमार्फत काम हुँदै

इञ्जिनियर महेश्वर लम्सालले पुरानो ठेक्का तोडेर नयाँ ठेक्का अनुसार काम सुरू भएको बताउँदै मुख्य सडक कालोपत्रे, सर्भिस लेन निर्माण, फुटपाथ निर्माण, ग्रिनरी, स्ट्रिटलाइट जडानलगायतका काम भइरहेको जानकारी दिए । उनले सडक निर्माण कार्यको गुणस्तरमा पनि ध्यान दिइने बताए ।

गत १८ असोजमा सम्झौता भएको यो सडक एक वर्ष अर्थात् आगामी २०८२ असोज १८ गतेसम्म काम सक्नेगरी बाबुल दर्शन निर्माण सेवाले ३३ करोड रुपैयाँमा ठेक्का पाएको छ । उक्त निर्माण कम्पनीले सडकको काम समयमा नै सक्नेगरी राति र दिउँसो दुई सिफ्टमा सञ्चालन गरिरहेको जनाएको छ । निर्माण कम्पनीले डिभिजन सडक कार्यालय अगाडिबाट निर्माणको काम थालेर राजमार्ग चौराहा, मिलनचोक अस्पताल लाइन क्षेत्रमा सर्भिस लेन र फुटपाथको काम गरिरहेको छ । सुरुमा खाली रहेको ठाउँमा निर्माणको काम गर्ने र त्यसपछि अन्य ठाउँको काम अघि बढाउने निर्माण कम्पनीले बताएको छ ।

बुटवलको यो सडक समयमा निर्माण सम्पन्न नहुँदा मुख्य सडक छेउका करिब २०० व्यवसायी प्रभावित भएको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल बताउँछन् । यो सडक पहिलेभन्दा केही व्यवसायीमैत्री हिसावले बनाइएकोले अब धूलो र हिलोको समस्या नहुने तथा व्यापार व्यवसाय केही चलायमान हुन सहयोग पुग्ने उनले बताए ।

क्रमशः पृष्ठ २ मा

# कस्सियो विपक्षी मोर्चा
# प्रधानमन्त्रीको राजीनामा माग

सरकारको यो कदमबाट संविधानको मर्म तथा भावनामाथि प्रहार हुनुका साथै संसदीय प्रणालीको उपहास गर्ने खतरनाक, स्वेच्छाचारी र निरंकुश प्रवृत्ति प्रदर्शन गरेको छ भन्ने हाम्रो ठहर छ । सरकार र सत्तारूढ गठबन्धनका दलहरूको निहीत स्वार्थपूर्तिका लागि संसद्लाई छलेर राष्ट्रको दूरगामी भविष्यमा गम्भीर असर पार्ने प्रकृतिका कानुनहरू अध्यादेशमार्फत ल्याउने यो कदमको घोर भर्त्सना गर्दछौं ।

**- विपक्षी मोर्चा**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिपक्षी दलहरुले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग गरेका छन् । विभिन्न कारण सरकार असफल भइसकेको उल्लेख गर्दै प्रमुख प्रतिपक्ष दलका नेतासमेत रहेका नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहालले ओलीको राजीनामा मागेका हुन् ।

नैतिकरुपमा सरकारमा बसिरहने अधिकार ओलीले गुमाइसकेको दाहालको दाबी रह्यो । 'नैतिकरुपमा सरकारमा बसिरहने अधिकार गुमाएको छ । यसरी हेर्दा नैतिकरुपमा राजीनामा दिनु नै उचित हुन्छ,' शुक्रबार नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से हलमा आयोजित सभामा दाहालले भने । पछिल्लोपटक सरकारले अध्यादेश ल्याएपछि तातिएका विपक्षी दलको नेता दाहालले सात दलका नेताहरु जम्मा पारेका थिए ।

सात दलीय मोर्चाको पाँच बुँदे वक्तव्य पढ्दै दाहालले तत्काल संसद्को अधिवेशन बोलाउनसमेत सरकारसँग माग गरे । यद्यपि सदनको बैठक बोलाइ हाल्ने विश्वास आफूहरुलाई नरहेको उनको तर्क थियो । 'सरकारले ल्याएको अध्यादेश हास्यस्पद र लज्जास्पद छ,' दाहालले भने, 'सरकारले सदनको अधिवेशन बोलाइहाल्ने विश्वास हामीलाई छैन ।' अहिलेको सरकार असंवैधानिकसमेत भएको दाहालको तर्क छ । प्रतिनिधिसभामा पहिलो र दोस्रो दल मिलेर कुनै पनि ठाउँमा सरकार नबन्ने उनको भनाइ थियो । 'सरकार अप्राकृतिक तरिकाले बनेको छ । अपारदर्शी तरिकाले बनेको छ । संविधानको भावनाविपरीत बनेको छ । त्यसैले यो सरकार चल्दैन । पहिलो दल र दोस्रो दल मिलेर सरकार बन्दैन,' दाहालले भने ।

- कानुनी प्रक्रियामा दलीय छाया र विधिको चरम राजनीतिकरण गर्दै सहकारी ठगीमा आफू निकटलाई जोगाउने र विपक्षीहरूमाथि प्रतिशोधपूर्ण र पूर्वाग्रही तवरले अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाएको आरोप
- सरकारले तत्काल हिउँदे अधिवेशन आह्वानको प्रक्रिया थालनी नगरे विशेष अधिवेशनको माग गर्ने जानकारी दिँदै स्वेच्छाचारी र जनविरोधी काम निरन्तर जारी राखेमा कडा संघर्षमा उत्रिने चेतावनी

### थ्रेसहोल्ड नराख्न चेतावनी

नेपाली कांग्रेस र नेकपा एमाले संलग्न सरकारले थ्रेसहोल्डको नाममा दल फुटाउने अध्यादेश ल्याउन लागेको भन्दै विपक्षी मोर्चाले यस्तो कदमको विरोध गर्ने जनाएको छ । 'थ्रेसहोल्ड' या अन्य कुनै नाममा दुई दलीय तानाशाही लाद्ने परिकल्पना संविधानले गरेको छैन,' नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले मन्तव्य वाचन गर्दै भने, 'तर, स्वेच्छाचारी र तानाशाही ढंगले सत्तामा टिकिराख्न र विपक्षी दलहरूलाई फुटाउन राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने पटक-पटकको कसरतले नेपाली जनताले विभिन्न संघर्षबाट प्राप्त गरेका ऐतिहासिक उपलब्धि खोसिनेसम्मको परिस्थिति देखापरिरहेको छ । यो वा त्यो बहानामा निरंकुशता, स्वेच्छाचारिता र तानाशाही सिर्जना गर्ने सरकारका उपयुक्त कदमको हामी विरोध गर्दछौं ।'

#### हिउँदे अधिवेशन नबोलाए आन्दोलन गर्ने चेतावनी

सात दलीय मोर्चाले अविलम्ब संसद्को हिउँदे अधिवेशनसमेत माग गरेको छ । सरकारले हिउँदे अधिवेशन नबोलाएर आफूहरु कडा आन्दोलनमा जानेसमेत विपक्षी मोर्चाले चेतावनी दिएको छ । 'सरकारले तत्काल हिउँदे अधिवेशन आह्वानको प्रक्रिया थालनी नगरे विशेष अधिवेशनको माग गर्ने जानकारी दिँदै स्वेच्छाचारी र जनविरोधी काम निरन्तर जारी राखेमा हामी कडा संघर्षमा उत्रिने चेतावनीसमेत दिन चाहन्छौ,' वक्तव्यमा भनिएको छ ।

#### सात दलमा को–को ?

समाजवादी मोर्चा ब्युँताउने प्रयासमा रहेका माओवादी अध्यक्ष दाहाल, नेकपा एकीकृत

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

### अध्यादेशमा गैरआवासीय नेपालीको असन्तुष्टि
## अध्यादेश प्रतिस्थापन गर्ने कानुन बन्दा सम्बोधन गर्ने गृहमन्त्रीको वचन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** गृहमन्त्री रमेश लेखकले अहिलेको अध्यादेश प्रतिस्थापन गर्ने कानुन बन्दा गैरआवासीय नेपालीको असन्तुष्टिलाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएका छन् । शुक्रबार गैरआवासीय नेपाली संघको ज्ञापनपत्र बुझ्दै उनले नेपालमा आवतजावत तथा बसोबास गर्दा भिसा नचाहिने कानुन बनाउने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेको अध्यादेशमा भएको केही प्रावधानले विदेशमा रहेका ८० लाख नेपालीहरुलाई निराश बनाएको भन्दै संघले सरकारको ध्यानाकर्षण गराएको हो । संघका अध्यक्ष डा बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डल गृहमन्त्री लेखकलाई ध्यानाकर्षण गराउन सिंहदरबारस्थित गृह मन्त्रालय पुगेको थियो ।

गत बिहीबार अबेर राति सिंहदरबारस्थित गृहमन्त्रीको कार्यकक्षमा भएको भेटमा अध्यक्ष डा केसीले उक्त अध्यादेशमा भएको गैरआवासीय नेपाली नागरिकतावाहक नागरिकलाई १० वर्ष भिसा शुल्क नलाग्ने सम्बन्धमा भएको प्रावधानले गैरआवासीय नेपाली नागरिकताको सवालमा संविधानले परिकल्पना गरेको अधिकारलाई सम्बोधन नगरेको र संविधानको धारा १४ को मर्मअनुसार नभएको भन्दै सो कदमले विदेशमा रहेको ८० लाख नेपाली निराश भएको भन्दै गृहमन्त्रीको ध्यानाकर्षण गराए ।

उनले भने, 'अध्यादेशमा गैरआवासीय नेपाली नागरिकहरूलाई १० वर्षको भिसा दिने व्यवस्था गरिएको छ, 'आफ्नै नागरिकलाई स्वदेश प्रवेश गर्दा भिसा दिने' विरोधाभाषपूर्ण अध्यादेशले समस्त गैरआवासीय नेपालीहरूलाई निराश तुल्याएको छ ।' जवाफमा गृहमन्त्री लेखकले गैरआवासीय नागरिकता लिएका व्यक्तिले संविधानमा उल्लेख भएबमोजिमको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रयोग गर्न पाउनेगरी आउने हिउँदे अधिवेशनमा कानुन बनाउने प्रतिबद्धता जनाए ।

क्रमशः पृष्ठ २ मा

## युएईमा एक महिनामै एक करोड बिमा तथा क्षतिपूर्ति

**काठमाडौं (प्रस)–** युनाइटेड अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले एक महिनामै एक करोडभन्दा बढी रकम बिमा तथा क्षतिपूर्तिबापतको भुक्तानी गराइएको जानकारी दिएको छ । दूतावासले शुक्रबार पुस महिनाभित्र सम्पादन गरिएका कार्यहरुको विवरण सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

युएईमा वैदेशिक रोजगारीका लागि पुगेका नेपालीहरुमध्ये विभिन्न घटनामा परेकापश्चात् पाउनुपर्ने बिमा तथा क्षतिपूर्तिको रकम दूतावासको पहलमा सम्बन्धित कम्पनीबाट भुक्तानी गराइएको हो । दूतावासका अनुसार उक्त महिना बिमा र क्षतिपूर्तिबापत ७२ हजार ५८९ धिराम (करिब एक करोड रुपैयाँ) नेपाली कामदारका लागि भुक्तानी भएको हो ।

पुस महिनाभरिमा दूतावासले चार हजार ४६९ वटा राहदानी वितरण गरेको तथा चार हजार २२ जनाबाट नयाँ राहदानीका लागि आवेदन संकलन गरिएको जानकारी दिइएको छ । उक्त महिनामा ४६६ वटा संस्थागत माग प्रमाणीकरण गरिएको, १११ जनाको व्यक्तिगत तथा २०४ जनाको सामूहिक भिसा प्रमाणीकरण गरिएको दूतावासले जनाएको छ । सोही अवधिमा ४५० जनाको गुनासो/उजुरी सुनुवाइ गरिएको, ४२९ जनाको यात्रा कागजात, २३२ जनालाई कन्सुलर सेवा तथा १३ वटा शव व्यवस्थापन गरिएको दूतावासले सार्वजनिक गरेको प्रगति विवरणमा उल्लेख छ ।




पृष्ठ १ बाट क्रमशः

## कस्सियो विपक्षी...

अध्यक्ष माधवकुमार नेपाललगायतले एक हप्ताको प्रयासपछि सात दल बनाएर पत्रकार सम्मेलन गरेका हुन् । यसअघि सिंहदरबारदेखि एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरसम्म बैठक बसेको थियो । सात दलीय मोर्चामा माओवादी केन्द्रका अध्यक्ष दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यवाहक अध्यक्ष डोलप्रसाद अर्याल, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल, आम जनता पार्टीका सहअध्यक्ष तिलक थापामगर र नेपाल समाजवादी पार्टीका महेन्द्रराय यादव सहभागी छन् । यो मोर्चामा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सहभागी छैनन् भने रेशम चौधरीको पार्टी नागरिक उन्मुक्तिले आउने सहमति गरे पनि अन्तिममा उपस्थित भएन । कूल सांसद ७९ भएको विपक्षी दलले पहिलोपटक ओली नेतृत्वको सरकारको विरोधमा पत्रकार सम्मेलन गरेको हो ।

### अध्यादेशको घोर विरोध

सात दलीय मोर्चाले सरकारले ल्याएको पाँचवटा अध्यादेशको भर्त्सना गरेको छ । सरकारले हालै भूमिदेखि सुशासन प्रवर्द्धनसम्बन्धी कानुनहरु अध्यादेशमार्फत जारी गरेको थियो । 'संघीय संसद्को नियमित हिउँदे अधिवेशन बोलाएर कानुन निर्माण नगरी, संसदीय समितिमा छलफलको क्रममा रहेका विधेयकहरू फिर्तासमेत नलिई सोही विषयमा गम्भीर प्रकृतिका कानुनहरु अध्यादेशमार्फत जारी गर्ने सरकारको कामप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' पाँचबुँदे वक्तव्यमा भनिएको छ, 'सरकारको यो कदमबाट संविधानको मर्म तथा भावनामाथि प्रहार हुनुका साथै संसदीय प्रणालीको उपहास गर्ने खतरनाक, स्वेच्छाचारी र निरंकुश प्रवृत्ति प्रदर्शन गरेको छ भन्ने हाम्रो ठहर छ । हामी प्रतिपक्षी दलहरू सरकार र सत्तारुढ गठबन्धनका दलहरूको निहीत स्वार्थपूर्तिका लागि संसद्लाई छलेर राष्ट्रको दूरगामी भविष्यमा गम्भीर असर पार्ने प्रकृतिका कानुनहरु अध्यादेशमार्फत ल्याउने यो कदमको घोर भर्त्सना गर्दछौं ।'

### रविलाई प्रतिशोध साँधियो

रास्वपा सभापति रवि लामिछानेको पक्षमा विपक्षी मोर्चाले पहिलोपटक औपचारिकरुपमा मत राखेको छ । सहकारीको रकम अपचलन प्रकरणमा लामो समय हिरासत बसी एक करोड २५ लाख धरौटीमा रिहा भएका लामिछानेप्रति सरकारले प्रतिशोध साँधेको पाँच दलको आरोप छ । 'गृह प्रशासन र महान्यायाधिवक्ताको कार्यालयमार्फत कानुनी प्रक्रियामा दलीय छाया र विधिको चरम राजनीतिकरण गर्दै सहकारी ठगीमा आफू निकटलाई जोगाउने र विपक्षीहरुमाथि प्रतिशोधपूर्ण र पूर्वाग्रही तवरले अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाइएको छ,' वक्तव्यमा उल्लेख छ ।

सरकारले भ्रष्टाचारी जोगाएको आरोप लगाउँदै सात दलले देशमा महँगी बढेको र आर्थिक परिसूचक झन् नकारात्मक भएको उल्लेख गरेको छ । 'सरकारले भ्रष्टाचार विरोधी अभियानलाई पूरै अवरुद्ध गरेको छ । भ्रष्टाचारीहरूलाई जोगाएको छ । भ्रष्टाचार बढाएको छ,' वक्तव्यमा भनिएको छ, 'देशमा महंगी र सार्वजनिक ऋण बढेको छ । सुधारोन्मुख अर्थतन्त्र झनै समस्यातर्फ उन्मुख भइरहेको छ । आर्थिक क्षेत्र चलायमान हुन नसक्दा आर्थिक परिसूचकहरू सकारात्मक हुन सकेका छैनन् ।'

विगतमा अघि बढाइएका गिरिबन्धु टी स्टेट, नक्कली भुटानी शरणार्थी प्रकरण, बालमन्दिर तथा स्काउटका जग्गालगायतका भ्रष्टाचारका फाइलहरू बन्द गरिएको विपक्षी मोर्चाको दाबी छ । त्यसैगरी सरकारले नेपाल विद्युत् प्राधिकरणमा राजनीतिक हस्तक्षेप बढाएकोसमेत विपक्षी दलको आरोप छ । 'सरकार विद्युत् महसुलको बक्यौता नतिर्नेहरूका पक्षमा उभिएको छ । नेपाल विद्युत् प्राधिकरणमा चरम राजनीतिक हस्तक्षेप बढाइएको छ,' वक्तव्यमा भनिएको छ ।

■■■

## बुटवल सडक...

सडक लामो समयदेखि अलपत्र हुँदा बुटवलबजारको व्यापार घट्नुका साथै केही व्यवसायी पलायनसमेत भएका थिए । ठेकेदारको लापरबाही र स्थानीय केही घरधनी र राजनीतिकर्मीको विरोधका कारण लामो समयदेखि यो सडक अलपत्र परेको थियो । पछिल्लो समय यो सडक निर्माणले तीव्रता पाएसँगै स्थानीय र व्यवसायीमा सडक बन्ने आशा पलाएको उनीहरुको भनाइ छ ।

२०६९ सालमा चार लेन निर्माण भएको यो सडक पछि छ लेनमा बिस्तार गर्ने योजना अघि बढेको थियो । कामको जिम्मा पाएको निर्माण कम्पनीले काम नगरी आलटाल गरेपछि ठेक्का तोडेर नयाँ ठेक्कामार्फत बाबुल दर्शन मालिका जेभीले निर्माणको जिम्मा पाएको हो । यो सडक निर्माणमा ढिलाइ हुँदा समय र लागतसमेत बढेको छ ।

बुटवलको मुख्य बजार क्षेत्र रहेको यो सडक निर्माणको जिम्मा सात वर्षअघि कञ्चनजंघा बिरुवा जेभी काठमाडौंले मूल्य अभिवृद्धि कर तथा भेरिएसनसहित करिब ५४ करोड रुपैयाँमा ठेक्का पाएको थियो । उक्त कम्पनीले २७ करोड रुपैयाँ बराबरको काम गरेर सडक अलपत्र छाडेको थियो । अहिले पुरानो डिजाइनमा केही परिवर्तन गरी मूल्य अभिवृद्धि करसहित ३३ करोडमा नयाँ ठेक्का लगाइएको हो । ख २०७६ सम्ममा छ लेन सडक बिस्तारको काम सक्नेगरी ०७३ चैतमा ठेक्का सम्झौता भएको थियो । तर निर्माण कम्पनीले पटक-पटक ताकेता गर्दा पनि काम नगरेका कारण ठेक्का तोडिएको थियो ।

■■■

## अध्यादेश...

साथै अहिलेको अध्यादेश प्रतिस्थापन गर्ने कानुन बन्दा गैरआवासीय नेपालीहरूलाई नेपालमा आवतजावत गर्दा तथा बसोबास गर्दा भिसा नचाहिने कानुन बनाउने प्रतिबद्धता समेत गर्नुभयो ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' मा समेटिएको संशोधनको संघले स्वागत गरेको भए पनि 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' को केही प्रावधानमाथि गैरआवासीय नेपाली संघले असन्तुष्टि राख्दै संविधानतः अधिकारका लागि सरकारसँग आग्रह गरेको हो ।

# आमाको दूधलाई प्रतिस्थापन गर्ने आहार नबेच्न निर्देशन

**काठमाडौं (प्रस)–** जनस्वास्थ्य कार्यालय काठमाडौंले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नगर्न निर्देशन दिएको छ । कार्यालयले बजारमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री-वितरण भइरहेको पाइएकाले सो कार्य बन्द गर्न आग्रह गरेको हो ।

कार्यालयकी जनस्वास्थ्य अधिकृत अनिता खनालले बजारमा आमाको दूध प्रतिस्थापन गर्न विभिन्न आहार र खाद्यपदार्थ बिक्री वितरण गरिएको पाइकाले सो कार्य रोक्न निर्देशन दिएको जानकारी दिइन् । आमाको दूधमा शिशुका लागि आवश्यक सबै प्रकारका पोषण तत्त्व पाइने तथा पोसिलो र रोग प्रतिरोधको क्षमता बढाउने महत्त्वपूर्ण आहार भएकाले त्यसको विकल्पमा कुनै पनि खाद्य, आहार तथा बजारमा पाइने दूध हुन नसक्ने अधिकृत खनालले बताइन् ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/०५**

**हिट मोई थाई किकबक्सिङ एण्ड फिटनेस एकेडेमी प्रा.लि.**को मिति २०८१/०९/२२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **टाइगर मुवाँ थाई फाइट जिम प्रा.लि.** (प्रा.लि. नं.: २९७७४८) कायम गर्ने गरी मिति २०८१/०९/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### बीमालेख हरायो

मिति २०८१/०९/०२ गते, चावहिलबाट सामाखुसी जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : तारा कुवर**
**बीमालेख नं : १००१२०९९८**
**Life Insurance Corporation (Nepal) Ltd.**
**ठेगाना : तारकेश्वर-१, काठमाडौं**
**सम्पर्क नं : ९८५१०४५९४५, ९८५१०२०८४२**



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय,
मलाही मलंगवा, मोही फांट

### ३५ दिने सार्वजनिक सूचना

जि.सर्लाही साविक गा.वि.स. रोहुवा वार्ड न. ४ हाल गोडैता न.पा. वार्ड न.४ मा बस्ने **मुक्ती झा बाहुन** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.सर्लाही साविक गा.वि.स. रोहुवा वार्ड नं. ४ हाल गोडैता न.पा. वार्ड नं. ४ मा बस्न बस्ने लगनी देवी को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. रोहुवा वार्ड नं. ४ कि.नं. ५५९ को क्षेत्रफल ०-०-६, ऐ. ए. कि.नं. ७६१ को क्षेत्रफल ०-०-८ समेत जग्गाको मोही महलमा जि.सर्लाही साविक गा.वि.स. रोहुवा वार्ड नं. ४ हाल गोडैता न. पा. वार्ड नं. ४ मा बस्ने मुक्ती झा बाहुन को नाम उल्लेख रहेकोमा जग्गा धनीको मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/८/११ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



### Mauritius/साउदीमा रोजगार

कम्पनी : SINOHYDRO CORPORATION LIMITED — शेवा शुल्कः ७०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ — LT. No. 317001 — चलानी नं. ६०२३१४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker (Grade II) | 20 | 0 | 21690 | ६३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELECTRICIAN TECHNICIAN | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 3 | Form Fixer | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 4 | Heavy Equipment Driver. | 50 | 0 | 22574 | ६६,४५७ | | | | | | | |
| 5 | Line Technicians | 10 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 6 | Masion | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 7 | Painter (Building/Wall) | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 8 | Piling Factory Workers | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 9 | PLASTER WORKER (MASON) | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 10 | Plumber | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 11 | Rebar Worker/Bender | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 12 | Site Supervisors | 10 | 0 | 24000 | ७०,६५५ | | | | | | | |
| 13 | Surveyor (Mech/Civil) | 10 | 0 | 23000 | ६७,७११ | | | | | | | |
| 14 | Suttering Carpenter | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |
| 15 | Welder (Ironsmith) | 20 | 0 | 21690 | ६३,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १३ गते (26th Jan. 2025) मा हुनेछ ।

कम्पनी : HODA ABDULLAH AL-RASHIDI COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ — LT. No. 317168 — चलानी नं. ६०२३१४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Repvesentative | 1 | 0 | 1500 | ५५,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



### युएइमा रोजगार

कम्पनी : MAZRUI & HAWI PAINTING COMPANY - W L L

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317281 — चलानी नं. ६०२३१४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDERS | 80 | 0 | 1200 | ४५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SPRAY PAINTER | 50 | 0 | 1200 | ४५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



### साउदीमा रोजगार

कम्पनी : Mathaq Alwasfa Co.

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ — LT. No. 317147 — चलानी नं.६०२३१४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 2400 | ८८,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Atayeb Alghetha Company

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317271 — चलानी नं.६०२३१४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068



### साउदीमा रोजगार

कम्पनी : Ohood Al Rizk Food Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ — LT. No. 317009 — चलानी नं.६०२३१४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1400 | ५१,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. 267/058/059
Kupondol-10, Kandevta sthan, Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com, Web: aranikooverseas.com



### युएइमा रोजगार

कम्पनी : JIARUN CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ — LT. No. 317257 — चलानी नं. ६०२३१४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician Gen | 4 | 0 | 1200 | ४५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 42 | 0 | 800 | ३०,१०५ | | | | | | | |
| 3 | Mechanic | 4 | 0 | 1200 | ४५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



### कतारमा रोजगार

कम्पनी : SALON AL INSAF WLL

पूर्व स्वीकृति मिति : २०८१/०७/०२ — पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 312353 — चलानी नं. ६०२२६८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 6 | 1700 | ६४,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1400 | ५३,२३० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1400 | ५३,२३० | | | | | | | |
| 4 | Female Hair Dresser | 0 | 2 | 1700 | ६४,६३५ | | | | | | | |
| 5 | Gen Clean Workers | 0 | 7 | 1000 | ३८,०२० | | | | | | | |
| 6 | Hair Beautician | 0 | 1 | 1700 | ६४,६३५ | | | | | | | |
| 7 | Hanna Beautician | 0 | 9 | 1700 | ६४,६३५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1100 | ४१,८२५ | | | | | | | |

कम्पनी : Citizen Contracting Cleaning and Services

पूर्व स्वीकृति मिति : २०८०/०५/१३ — पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 291780 — चलानी नं. ६०२०७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 4000 | १५२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 2 | 0 | 2000 | ७६,०४५ | | | | | | | |
| 3 | Data Entry | 3 | 0 | 2000 | ७६,०४५ | | | | | | | |
| 4 | Foreman | 11 | 0 | 2500 | ९५,०५५ | | | | | | | |
| 5 | General Clean Worker | 9 | 22 | 1000 | ३८,०२० | | | | | | | |
| 6 | Labour | 8 | 0 | 1000 | ३८,०२० | | | | | | | |
| 7 | Manager Variety | 1 | 0 | 6000 | २२८,१३० | | | | | | | |
| 8 | Marketing Represent | 3 | 0 | 3000 | ११४,०६५ | | | | | | | |
| 9 | Painter | 4 | 0 | 1200 | ४५,६२५ | | | | | | | |
| 10 | Representative | 4 | 0 | 2500 | ९५,०५५ | | | | | | | |
| 11 | Sales Supervisor | 1 | 0 | 3500 | १३३,०७५ | | | | | | | |
| 12 | Salesman | 0 | 2 | 1500 | ५७,०३० | | | | | | | |
| 13 | Supervisior | 0 | 4 | 2500 | ९५,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, ०५ माघ, २०८१

| | |
|---|---|
| **मेष** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **वृष** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **मिथुन** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **कर्कट** | दिगो कामको जग बसाउन सकिने छ । |
| **सिंह** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **कन्या** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **तुला** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **वृश्चिक** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **धनु** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **मकर** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **कुम्भ** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **मीन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसुति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०५ माघ, २०८१ (१८ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.१९ | १३८.७९ |
| युरो | १ को | १४२.१७ | १४२.७९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.६७ | १६९.४१ |
| स्विस फ्रैन्क | १ को | १५१.५४ | १५२.२० |
| अस्ट्रेलियन डलर | १ को | ८५.८३ | ८६.२० |
| क्यानाडियन डलर | १ को | ९६.१३ | ९६.५५ |
| सिङ्गापुर डलर | १ को | १०१.०७ | १०१.५१ |
| जापानी येन | १० को | ८.८७ | ८.९१ |
| चिनियाँ युआन | १ को | १८.८५ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३६.८३ | ३६.९९ |
| कतारी रियाल | १ को | ३७.९२ | ३८.०८ |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६२ | ३७.७९ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.४८ | ९.५२ |
| स्विडिस क्रोनर | १ को | १२.३८ | १२.४४ |
| डेनिस क्रोनर | १ को | १९.०५ | १९.१४ |
| हङकङ डलर | १ को | १७.७४ | १७.८२ |
| कुवेती दिनार | १ को | ४४७.८० | ४४९.७४ |
| बहराइन दिनार | १ को | ३६६.६१ | ३६८.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘सार्वजनिक सेवा प्रसारणलाई स्वायत्त बनाइने छ’

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सार्वजनिक सेवा प्रसारणलाई स्वायत्त बनाइने बताएका छन् । यसलाई जनसरोकारका विषयमा राज्यलाई झकझक्याउने निकायका रूपमा विकास गर्न खोजिएको उनले उल्लेख गरे ।




त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागद्वारा शुक्रबार यहाँ आयोजित ‘नेपालमा सार्वजनिक सेवा प्रसारण नीति’ संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सार्वजनिक सेवा प्रसारणमा सत्ता शक्तिको छायाँ पर्न दिनु हुँदैन भन्नेमा सरकार सहमत रहेको बताए । समावेशिता, पारदर्शिता तथा जनमुखी शासन स्थापनाको उद्देश्य पूर्ति गर्न सार्वजनिक सेवा प्रसारण प्रणाली सुरु गरिएको उनको भनाइ थियो ।

सरकारी स्वामित्वका रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण सेवाको विश्वव्यापी मान्यताअनुरुप लैजान संसद्ले गत असोज २२ गते सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक पारित गरेको थियो । सोहीअनुसार गत कात्तिक २३ गतेदेखि रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक प्रसारण सेवामा गाभिएका थिए ।

सरकारले सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गरी देशको परिस्थिति र आवश्यकताअनुरुप लागू गर्न खोजेको मन्त्री गुरुङले बताए । त्यसका लागि ऐन कानुनमा यथोचित सुधारका साथै आर्थिक रुपले आत्मनिर्भर गराउने प्रयास सरकारको रहने उनले बताए ।

सार्वजनिक सेवा प्रसारणले राज्यका सबै निकायको कार्य, तिनको जवाफदेहिता र जनतामा परेको प्रभावको खोजी गर्नुपर्ने तथा त्यसका लागि आलोचनात्मक चेत आवश्यक हुने मन्त्री गुरुङको भनाइ थियो । रेडियो नेपाल र नेपाल टेलिभिजन विगतमा तत्कालीन सरकारको सहयोगीमात्र रहेको परिचयबाट सर्वसाधारणको आवाज मुखरित गर्ने माध्यमका रूपमा परिणत गर्न खोजिएको उनले बताए । ‘भर्खरै ल्याएको कानुनमा कुनै अप्ठयारा र कमीकमजोरी छन् भने पनि सच्याउँदै लगिने छ,’ मन्त्री गुरुङले भने ।

सार्वजनिक सेवा प्रसारणका निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपानेले विज्ञहरूसँगको छलफलबाट आएका सुझावलाई आगामी दिनमा मार्गदर्शनका रूपमा लिइने बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाल, सार्वजनिक प्रसारणविज्ञ रघु मैनाली र त्रिवि केन्द्रीय पत्रकारिता विभागका घमराज लुइँटेलले सार्वजनिक सेवा प्रसारणको विश्वव्यापी अभ्यास, नेपालमा हाल जारी भएको यससम्बन्धी कानुन र अहिलेको संरचना तथा आगामी कार्यदिशाबारे कार्यपत्र पेस गरेका थिए ।

# दुई अर्ब बराबरको सम्पत्ति जफत गर्दै गृह मन्त्रालय

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति सरकारका नाममा फिर्ता ल्याउन सक्रियता बढाएको छ । त्यस क्रममा सर्वोच्च अदालतबाट जफत हुने भनेर फैसला भएका घरजग्गा सरकारका नाममा ल्याउने प्रस्ताव गृह मन्त्रालयमार्फत मन्त्रिपरिषद् पठाइएको कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थीले जानकारी दिए । ‘पाँच जना पूर्वप्रशासक र आपराधिक गतिविधिबाट एक भारतीले नेपालमा खरिद गरेको घरजग्गा जफतका लागि प्रस्ताव पठाइएको छ,’ उनले भने, ‘हामीले अदालतबाट सोसम्बन्धी भएका फैसलाको लगत संकलनका लागि शाखा अधिकृतको नेतृत्वमा पाँच वटा समूह बनाएर खटाएका छौं ।’ महानिर्देशक पन्थीले सम्पत्ति जफतसम्बन्धी विभिन्न अदालतबाट तीन हजार ५०० फैसला भएको जानकारी दिए ।

उनले दुई अर्ब रुपैयाँबराबरको सम्पत्ति जफतको तयारी भइरहेको बताए । पहिलो चरणमा पाँच पूर्वप्रशासकले भ्रष्टाचारबाट आर्जन गरेको काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेको सम्पत्ति जफतको प्रक्रिया अघि बढाइएको जानकारी दिए । अदालतबाट फैसला भई जफत गर्नुपर्ने घरजग्गा लामो समयदेखि कसूरदारले नै प्रयोग गर्दै आएको अवस्थामा मन्त्रालयले जफत गर्ने कार्यलाई सक्रियताका साथ अघि बढाएको गृह मन्त्रालयले जनाएको छ । कसूरजन्य सम्पत्ति जफतसम्बन्धी ऐनअनुसार सर्वोच्चबाट फैसला भएका घरजग्गा जफत गरी सरकारका नाममा ल्याउने कार्य तीव्र गतिमा बघि बढाइने महानिर्देशक पन्थीको भनाइ छ ।

विभागका अनुसार पूर्वप्रशासक, कर्मचारी तथा परिवारका सदस्यहरू, आमोनन्द मिश्र, सरस्वती ढुंगाना, मुरारीबहादुर कार्की, केशरजंग खड्का र रामात्रा चतुर्वेदीको काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेका घरजग्गा जफत गर्ने प्रक्रिया मन्त्रिपरिषद्मा पुगेको हो । यस्तै, आपराधिक गतिविधिबाट एक भारतीले नेपालमा खरिद गरेको घरजग्गा पनि जफतका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको छ ।

विगतमा आपराधिक गतिविधिमा संलग्न भारतको असाम राज्यका निरञ्जन होजाइले नेपाली महिलाका नाममा काठमाडौंको जोरपाटीमा राखेको जग्गा र घर जफतका लागि गृह मन्त्रालयले अघि बढाएको हो । डेढ वर्षअघि कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागले सो घर खाली गराए पनि सरकारको नाममा आउन नसकेको महानिर्देशक पन्थीले बताए ।

‘होजाइसँग विवाह गरेकी सरिता गिरीको नाममा सो घरजग्गा छ,’ उनले भने, ‘होजाइले नेपालमा निर्मल राईका नाममा नागरिकता लिई आफ्नो पहिचान लुकाएर आतंकवाद/आपराधिक गतिविधिको पैसा ल्याएका थिए । सिन्धुपाल्चोककी सरितासँग बिहे गरी उनी र उनको परिवारका नाममा सम्पत्ति लुकाएको अनुसन्धानमा भेटिएपछि मुद्दा दायर भएको थियो ।’ महानिर्देशक पन्थीले कसूरजन्य सम्पत्ति जफतको कामलाई तीव्रता दिइने बताए । जफतको ठहर भएका घरजग्गा लिलामी गर्ने वा सरकारका नाममा ल्याउने दुवै विकल्प कानुनले दिएको छ । भ्रष्टाचारसम्बन्धी मुद्दामा जफत गर्न लागिएका घरजग्गा भने सरकारका नाममा ल्याएर सरकारी प्रयोजनमा प्रयोग गरिने विभागले जनाएको छ ।

# नयाँ नम्बरबाट फोन र नयाँ आइडीबाट मेल आउँछ ? सावधान !

**काठमाडौं (प्रस)–** तपाईंलाई कुनै नयाँ खालको नम्बरबाट फोन आउने गरेको छ ? वा कुनै नयाँ इमेल आइडीबाट प्रलोभन दिने खालका सन्देशहरू आइरहेका छन् ? यदि आइरहेका छ भने सावधान ! त्यस्ता इमेल वा नम्बरबाट आएका सन्देश तथा कुराकानीमा विश्वास नगर्नुहोला । त्यसले तपाईंलाई घरबारविहीनसमेत बनाउनसक्छ ।

नेपाल प्रहरी, साइबर ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक दीपकराज अवस्थी त्यसरी आएको फोन उठाउन र त्यस्ता इमेलको विश्वास नगर्न तथा प्रतिक्रिया नदिन आग्रह गर्छन् । त्यसरी अपरिचित व्यक्तिले भनेका तथा अपरिचित इमेलबाट आएका सन्देशको भर पर्दा र प्रतिक्रिया जनाउँदा मानिसहरू ठगिएकाले यसतर्फ विशेष सावधानी अपनाउन उनले आग्रह गरेका हुन् ।

प्रहरी उपरीक्षक अवस्थीले पछिल्लो समय साइबर ब्युरोलगायत नेपाल प्रहरीका विशिष्टीकृत कार्यालयहरू र नेपाल प्रहरीकै उच्च अधिकारीहरूको नाम तथा दर्जा प्रयोग गरी विभिन्न व्यक्तिहरूलाई चेतावनीयुक्त इमेलहरू प्राप्त भएको जस्ता गुनासाहरू नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्युरोमा प्राप्त भएकाले यसतर्फ ब्युरोकोसमेत गम्भीर ध्यानाकर्षण भएको बताए । उनले भने, ‘नेपाल प्रहरी साइबर ब्युरोलगायत अन्य प्रहरी कार्यालयहरूबाट पठाइएको भनिएका यस्ता इमेलहरू नक्कली भएकाले यस प्रकृतिका मेलहरूको विश्वास नगर्न साथै कुनै प्रतिक्रिया नदिन सम्पूर्ण महानुभावहरूमा विनम्र अनुरोध छ ।’

त्यसरी आएका इमेलका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको तथा कुनै शंका लागेमा ब्युरोको आधिकारिक वेबसाइट साइबर ब्युरो डट नेपालपोलिस डट जिओभी डट एनपीमा रहेका सम्पर्क नम्बर र इमेलमार्फत जानकारी गराउन सबैमा अनुरोध गरिएको छ । ब्युरोले एक सार्वजनिक सूचना जारी गरेर त्यस्ता गतिविधिप्रति सचेत हुन र कुनै शंका लागेमा नजिकका प्रहरीमा जानकारी गराउन अनुरोध पनि गरेको छ ।

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

## राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

## आधिकारिक विक्रेतालाई सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/१०/०५)

यस अस्पतालमा रहेको देहायको मेशनरी उपकरणमा मा प्रयोग हुने सामान खरिद गर्नुपर्ने भएकाले सोको आपूर्ति गर्ने अधिकार प्राप्त एकमात्र आपूर्तिकर्ता वा निजको आधिकारिक बिक्रेता वा आधिकारिक एजेन्टबाट सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १(ग) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८५ को उपनियम ३ मा व्यवस्था भए बमोजिम खरिद गर्नुपर्ने भएकोले एकमात्र आधिकारिक आपूर्तिकर्ताको प्रमाण सहित ७ (सात) दिनभित्र यस सेन्टरमा दररेट पेश गर्न सूचना प्रकाशित गरिएको छ ।

देहाय

| क्र.सं. | मेशिन उपकरणको नाम | खरिद गर्नुपर्ने सामान |
|---|---|---|
| १ | DRGEM Corporation Company को Digital X-ray Machine (Model-GXR- 52 SD) | Flat panel Dectector |
| २ | Siemens Company को 16 Slice, CT Scan Machine (Model Somatom Emotion S.No. 93753) | 1. Monitoring Relay Set (parts no. 10355959)<br>2. SRS Interface Board Set (parts no. 07735229) |

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

---

# Nijgadh Municipality

## Office of the Municipal Executive

**Madhesh Province, Nepal**

## Invitation for Electronic Bids

**First date of publication: Magh 04, 2081 (17 Jan, 2025)**

**Final Date of Submission : with in 12 pm, 2081/11/04**

1. The Nijgadh Municipality, Office of the Municipal Executive has allocated funds towards the cost for construction as indicated in details of work below and intends to apply part of the funds to cover eligible payments under the contract for construction as indicated in details of work. Bidding is open to all eligible Nepalese bidders.
2. The Nijgadh Municipality, Office of the Municipal Executive invites Electronic bids from eligible bidders for the construction as indicated in details of work below under NCB-Single Stage Single Envelope Bidding procedures as in accordance with e-GP Procurement Directive 2079. Eligible bidders should participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents may down load from PPMO's Web Site www.bolpatra.gov.np/egp by eligible Bidders and submit their bids only electronically through www.bolpatra.gov.np/egp and upon payment of a non-refundable fee as shown in table below in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank Deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Bidding documents can be down loaded from PPMO's web site on or before last date and time of bid submission

**Information to deposit the cost of bidding document in Bank**

Name of the Bank : Agricultural Development Bank
Name of Office : Nijgadh Municipality, Bara
Account Name : AANTRIK RAJASWA KHATA
Account No. : 0507601576860035

**Details of Works**

| S. No. | Contract Identification No. | Name of Project | Bid security amount NRs. | Bid document fee (Non-refundable) NRs. |
|---|---|---|---|---|
| 1 | Building/W/NCB/ 01/2081-082 | Construction of Building of Krishna Parnami Samudaiyak Sabha hall Of Nijgadh Municipality, ward no 06, Nijgadh, Bara | 170000.00 | 3000.00 |
| 2 | Road/W/NCB/ 02/2081-082 | Construction of Ring road for Nijgadh ward no.10,12,13, Nijgadh, Bara | 360000.00 | 3000.00 |

**Chief Administrative officer**


## साउदीमा रोजगार

कम्पनी : BRUGE ALDAMMAM GENERAL CONTRACTING EST — शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/१०/०३ — LT. No. 308183 — चलानी नं. ६०२३१४३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SMALL TRUCK DRIVER | 1 | 0 | 1500 | ५५,२६० | | | | | | | |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY A CLOSED JOINT STOCK COMPANY — शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/०४/१६ — पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ — LT. No. 308183 — चलानी नं. ६०२२२९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUS DRIVER (HEAVY DRIVER) | 10 | 0 | 1800 | ६६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६६,३१० | | | | | | | |

कम्पनी : Nama Serving Drinks Company — शेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317250 — चलानी नं. ६०२३१४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 22 | 0 | 1200 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : Ahmed M. Al Ghamdi Factory For Metal Products
पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317199 — चलानी नं. ६०२३१४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 3 | 0 | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १५०/०५६/५७
**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## कुवेतमा रोजगार

कम्पनी : Robusta Coffee Bar Restaurant Co.
पूर्व स्वीकृति मिति : २०८०/०९/२९ — LT. No. 317096 — चलानी नं. ६०२३१४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 5 | 5 | 90 | ४०,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | waiter/waitress | 7 | 14 | 120 | ५३,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम ईजाजत नं. 1543/078/079

## साउदीमा रोजगार

कम्पनी : ATYAF ALKAWN
पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317247 — चलानी नं. ६०२३१४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1200 | ४४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १३ गते (26th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४

## युएइ/कुवेतमा रोजगार

कम्पनी : STANDARD ACCESS SCAFFOLDING CONTRACTING L.L.C. - BRANCH OF ABU DHABI 1
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ — LT. No. 317189 — चलानी नं. ६०२३१४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 10 | 0 | 1200 | ४५,१५७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | SCAFFOLDING HELPER (LABOUR) | 10 | 0 | 1000 | ३७,६३१ | | | | | | | |
| 3 | WELDER (MIG) | 6 | 0 | 1300 | ४८,९२० | | | | | | | |

कम्पनी : CLASSY LOUNGE LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317254 — चलानी नं. ६०२३१४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/Hair Stylist | 2 | 8 | 150 | ६७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | INDOOR CLEANER | 2 | 2 | 120 | ५३,७६५ | | | | | | | |
| 3 | LIGHT DRIVERS | 2 | 0 | 150 | ६७,२१० | | | | | | | |
| 4 | MANICURE/PEDICURE | 0 | 5 | 150 | ६७,२१० | | | | | | | |
| 5 | Nail Technicians | 0 | 5 | 150 | ६७,२१० | | | | | | | |

कम्पनी : ETC FOOD RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८१/१०/०४ — LT. No. 317166 — चलानी नं. ६०२३१४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASST.COOK | 50 | 0 | 130 | ५८,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hostess (Waitress) | 0 | 5 | 150 | ६७,२१० | | | | | | | |

कम्पनी : QARRI NAIL SPA SALON
पूर्व स्वीकृति मिति : २०८०/०३/१२ — पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०४ — LT. No. 288629 — चलानी नं. ६०२०३९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE / PEDICURE / HAIRDRESSER / BEAUTICIAN / N | 0 | 6 | 150 | ६७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# हराए 'पोखराको सम्झना'



**जमुनावर्षा शर्मा/पोखरा**

पोखरा नेपालको प्रमुख पर्यटकीय सहर, प्राकृतिक सौन्दर्य, तालतलैया र हिमशृंखलाको मनोरम दृश्यले पर्यटकलाई आकर्षित गर्ने गन्तव्यका रूपमा परिचित छ । यहाँ आउने पर्यटकहरू केबल मनोरञ्जनका लागिमात्र नभई आफ्नो यात्राको स्मरणका लागि विशेष उपहार खोज्ने गर्छन् । त्यस्तै पोखराको स्मरणीय उत्पादनमध्ये कुनै समय हातेतानबाट तयार गरिएको गलैंचा प्रख्यात थियो । यद्यपि, समयसँगै बढ्दो आयातीत सामग्री र बजार व्यवस्थापनको अभावले आफ्नो मौलिकता बोकेको गलैंचाको बजार भने साँघुरिँदै गएको छ ।

पोखरा महानगरपालिका-२ मोहरिया टोलका पसलहरुमा कुनै समय हातेतानबाट तयार गरिएका गलैंचाहरु प्रशस्त देखिन्थे तर अहिले एकाध पसलमात्र भेटिन्छन् । मोहोरिया टोलमा उमेरले झण्डै ८० पुग्न लागेको बताउने जग्गेलक्ष्मी जोशी पाँच दशकदेखि गलैंचा व्यवसायबाट गर्दै आएको बताउँछिन् । 'झण्डै ५० वर्ष भयो मेरो नन्दले यो व्यवसाय गर्नुहुन्थ्यो, अहिले हामीले पनि निरन्तरता दिएका छौं,' उनले भनिन्, 'दिनदिन व्यापार नभए पनि भएको दिन राम्रै हुन्छ, छोराले गलैंचा ल्याइदिन्छ, म बसेर बेच्छु, सन्तुष्ट छौं ।'

उनका छोरा मधुसुदन जोशी भने अन्यत्र कम्प्युटर क्षेत्रमा जागिर गर्छन् । जग्गेलक्ष्मीले परम्परागत महत्त्व बुझ्ने मौलिक सामग्री उपहार चाहनेहरुले अझै पनि पोखराको सम्झना लेखिएका स्थानीय गलैंचालाई विशेष उपहारको रुपमा लाने गरेको बताए । 'कहिलेकाहीँ १५/२० दिनमा बल्ल एउटा व्यापार हुन्छ भने कहिले राम्रै व्यापार हुन्छ,' जोशीले भने । विशेषगरी अमेरिका जापान, जर्मन, थाइल्याण्ड, अस्ट्रेलिया, ब्रुनाइ, हङकङतिर र गुरुङ, मगर समुदायले अझ बढी उपहारको रुपमा लाने गरेको उनको भनाइ छ । पुरानो डिजाइन घरका ढोकाहरुमा झुण्डयाइएका गलैंचामा विदेशी पर्यटकको पनि नजर पर्ने गर्छ र उनीहरुले पनि खरिद गर्छन् । पसलमा ४०० देखि चार हजार रुपैयाँसम्मका साना-ठूला साइजका गलैंचा छन् ।

'पोखराको सम्झना' लेखिएका गलैंचा प्रायः घरका भूँइमा देखिन्थे तर अहिले विस्तारै विस्थापित हुँदै गएको बताउँछन् पोखरा उद्योग वाणिज्य संघको पूर्वअध्यक्ष आनन्दराज मुल्मी । 'यो उत्पादनमात्र थिएन, यसभित्र परम्परा र संस्कृति पनि थियो, महिलाको आर्थिक सशक्तीकरणको आधार थियो, सांस्कृतिक संरक्षण, र रोजगारीको माध्यम पनि थियो,' उनले भने । मुल्मीले पछिल्लो समय यसको बजार साँघुरिँदै गएको र यदाकदा मात्र देखिने गरेको बताए । उनले समयक्रमसँगै आधुनिक गलैंचाले गर्दा परम्परागत मौलिक गलैंचा भेटिन गाह्रो हुन थालेको बताए ।

मुल्मीका अनुसार नेपाली गलैंचाको इतिहास हिमाली भेगका नागरिक र तिब्बती शरणार्थीको आगमनसँग जोडिएको छ । हिमाली भेगमा पाइने भेडाको ऊनबाट उत्पादन हुने धागो गलैंचा बनाउने मुख्य सामग्री हो । यो परम्परा तिब्बतसँग जोडिएको छ, जहाँ शरणार्थी महिलाहरूले आफ्नो परम्परागत सीपलाई पोखरामा भित्र्याए । शरणार्थी बस्तीसँग जोडिएको गलैंचा उद्योगले स्थानीय महिलालाई रोजगारीका अवसर सिर्जना गर्‍यो । तिब्बती डिजाइनलाई नेपालको मौलिक डिजाइन र सांस्कृतिक झल्को दिएर रूपान्तरण गरियो ।

सन् १९५९ मा तिब्बतबाट शरणार्थीका रूपमा नेपाल प्रवेश गरेका तिब्बती महिलाहरूले पहिलोपटक हातेतानमा गलैंचाहरू उत्पादन गर्न थाले । उनीहरूको सीपलाई अझ सशक्त बनाउन स्वीस सरकारले सन् १९६० को दशकमा सहयोग गर्‍यो । स्वीस सरकारको परियोजनाले उनीहरूलाई गलैंचा तान्ने प्राविधिक तालिम, गुणस्तर सुधारका उपाय र अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्ने तरिकाहरू सिकायो ।

गलैंचा उत्पादनबाट तिब्बती शरणार्थी उत्साहित भए नेपाली मौलिकतासँग जोडिएर उत्पादन गर्न थाले । स्वीस सरकारले यसलाई थप विस्तार गर्दै काठमाडौं जावलाखेलको एकान्तकुनामा गलैंचा उद्योग नै स्थापना गरेर र उत्पादनलाई बजारीकरणमा पनि सहयोग गर्‍यो । उनले नेपाली गलैंचाले अन्तर्राष्ट्रिय बजारमा नेपालको हस्तकलाको पहिचान दिलाउन पनि भूमिका खेलेको बताए । हाते गलैंचाहरू ऊन, प्राकृतिक रङ र नेपाली मौलिक परम्परागत डिजाइनबाट निर्माण हुने र नेपाली संस्कृति, हिमालको जनजीवनको झल्को पाइने भएकाले पनि पर्यटकलाई आकर्षित गर्नुका साथै, नेपालको सम्झना बोक्ने कोसेली बन्ने सम्भावना रहेको उनको भनाइ छ ।

'हिमाली भेगका बासिन्दा राडी, पाखी बुनेर प्रयोग गर्थे, व्यापारिक उद्देश्यले तिब्बत नून लिन जाने क्रममा नेपालीले त्यहाँबाट गलैंचा बुन्ने सीप भित्र्याएसँगै यसको मौलिकपन पाएको बताउँछिन्, नेपाल घरेलु तथा साना उद्योग महासंघकी केन्द्रीय उपाध्यक्ष एवं हिमालय डेकोर रग्सकी सञ्चालक शोभा गुरुङ । उनले नेपाली हाते गलैंचा ऐतिहासिक महत्त्व र यी गलैंचाहरू मौलिक ढाँचाका, प्राकृतिक रङबाट सुसज्जित र टिकाउ हुने गरेको बताइन् ।

गुरुङका अनुसार, सन् १९६० पछि स्वीस सरकारले नेपाली गलैंचा उद्योगलाई अन्तर्राष्ट्रियबजारमा पुर्‍याउन सहयोग गर्‍यो र जर्मनी, बेल्जियममा निर्यात हुन थाल्यो । गलैंचा उत्पादनमा बलियो नटिङ प्रणाली थियो । यसले अन्तर्राष्ट्रियबजारमा उत्कृष्ट स्थान बनायो । सुरुआतमा हिमाली भेगका थकाली महिला र तिब्बती शरणार्थीहरूले मात्रै गलैंचा बनाउँथे, पछि अन्य समुदायले पनि यो पेसा अँगाले । सन् १९९० को दशकमा गलैंचा उद्योगमा अस्वस्थ प्रतिस्पर्धा बढ्यो । कमसल कच्चापदार्थको प्रयोग हुन थालेपछि गलैंचाको बजार खस्कँदै गयो । त्यति नै बेला गलैंचा उद्योगमा बालमजदुरको प्रयोग भएको कुरा युरोपियन युनियनले उठायो । यसले गलैंचाको फस्टाउँदा बजार स्वात्तै झर्‍यो । युरोपेली मुलुकले बालमजदुरको प्रयोग गरेको भन्दै नेपाली गलैंचामा प्रतिबन्ध लगाएपछि यो उद्योग नराम्ररी संकटमा पर्‍यो ।

'बालश्रममुक्त' उद्योग भनेर लेबल लगाएर मात्र उद्योग सञ्चालनमा आउन थाले । तर, नेपालमा अहिले पहिलाको जस्तो विशुद्ध हातबाट बनाइएका प्रशोधित गरिएका गलैंचा उत्पादन हुन छाडेको गुरुङ बताउँछिन् । 'पहिल्यै प्राकृतिक, अर्गानिकरूपमा बनेका गलैंचाहरूको स्थान अब केमिकलयुक्त रं मेसिनको उत्पादनले लिएको छ,' उनले भनिन् ।

नेपालमा परम्परागत मौलिक गलैंचा उद्योग पुनःसञ्चालन गर्नका लागि सरकारले भेडापालन प्रोत्साहन गर्दै र दक्ष जनशक्तिका लागि तालिममा जोड दिनुपर्ने उनले बताइन् । 'अहिले पनि नेपालको गलैंचा उद्योग विदेशी मुद्रा भित्र्याउने प्रमुख क्षेत्र हो, तर यस क्षेत्रप्रति राज्यको चासो बढ्न सकेको छैन,' अहिले भारतले नेपाली गलैंचाको नक्कल गरेर नेपाली गलैंचा बजार कब्जा गर्दै गएको उनको भनाइ छ ।

महिला सीप विकास संस्था पोखराकी कार्यकारी निर्देशक रामकली खड्का स्थानीय उत्पादन, विशेषगरी गलैंचा उद्योगले महिलाहरूको आर्थिक सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसको उत्पादन र बजार बढाउनुपर्ने बताउँछिन् । 'यो उत्पादनको माग राम्रो भए पनि उत्पादनको स्तर र बजारीकरणको दायरा सीमित छ, स्थानीय सरकारले यस उद्योगलाई प्रवर्द्धन गर्न तालिमको व्यवस्था गरी उत्पादन क्षमता बढाउन सकेमा, हामी बजारीकरणमा पहल गर्न तयार छौं,' खड्काले भनिन् । हिमाली भेगका विशेष थकाली महिलाहरुले हातेतानबाट बुन्ने विशेष कलालाई अरु समुदायका महिलामा पनि हस्तान्तरण गर्न आवश्यक रहेको उनको भनाइ छ ।

पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले स्थानीय उत्पादन र पर्यटकले लाने उपहारको प्रवर्द्धनलाई प्राथमिकता दिँदै विभिन्न नीति तथा योजना अघि सारेको बताए । अधिकारीले भने, 'पोखरा महानगरको नीतिअनुसार पोखराका हस्तकला, ढाका कपडा, गलैंचा, परम्परागत हस्तशिल्प सामग्री, कृषि उपजलाई ब्राण्डिङ गरिने र यसका लागि 'कोसेली घर' स्थापना गर्ने योजना अघि सारिएको छ ।' उनले स्थानीय उत्पादनलाई एकीकृत रूपमा प्रदर्शन र बिक्री गर्ने उद्देश्यसहित अघि बढेको बताए ।

महानगरपालिकाले पर्यटकहरूलाई स्थानीय संस्कृति र उत्पादन अनुभव गराउँदै पोखराका उत्पादनलाई दिगो बजारीकरण गर्न चाहेको बताए । 'महानगरले परम्परागत गलैंचा, ढाका टोपी, काठका सामग्री र हातले बुनेका हस्तकला वस्तुहरूलाई पर्यटकका लागि आकर्षक उपहारका रूपमा विकास गरिरहेको छ,' अधिकारीले भने । पर्यटकले लाने उपहारलाई थप पर्यावरणमैत्री बनाउन हरित उत्पादनलाई पनि प्रोत्साहन गरिरहेको उनको भनाइ छ । उनका अनुसार कला संस्कृति जगेर्नादेखि हस्तकला, कृषि उत्पादनलगायत सीप विकाससम्बन्धी २१ थरीका तालिमबाट एक हजार ६०० जनालाई तालिम दिइसकेको छ ।

पोखरा छोरेपाटनस्थित तिब्बतियन शरणार्थी क्याम्पमा रहेको टासिलिङ हस्तकला सेन्टरका म्यानेजर कर्मा सोनामले सीप हस्तान्तरण नहुँदा र नयाँ पुस्ताले रुचि नदेखाउँदा हातेतानका गलैंचा उत्पादन कमी हुँदै गएको बताए । 'अहिले पोखराको हेम्जा, पृथ्वीचोक र छोरेपाटन तिब्बतीयन शरणार्थी क्याम्प छन् । तर व्यावसायिकरुपमा क्याम्पभित्र गलैंचा उत्पादन हुन सकेको छैन,' उनले भने ।

उनले क्याम्प घुम्न आउने पर्यटकका लागि देखाउने र सोभनियरको रुपमा लैजाने गलैंचामात्र उत्पादन हुने गरेको बताए । हाते गलैंचाको लागि धेरै विधि र प्रक्रियाबाट मात्र सम्भव हुने तर अहिले सस्तो र सजिलै उत्पादन हुने गलैंचाले स्थान लिएपछि मौलिक परम्परा बोकेको गलैंचा विस्तारै हराउन थालेको उनको भनाइ छ । सम्बन्धित निकाय र स्थानीय समुदायले सहकार्य गरेर गलैंचाको मौलिकतालाई जोगाउनेतर्फ कदम चाल्नसके यसको बजार बढाउँदै रोजगार सिर्जना गर्न सकिने विश्वास सोनामको छ । *रासस*

# भल्कोटमा अझै जीवित छ सयौं वर्ष पुरानो 'पुतलीनाच'

**डम्मर बुढामगर/बागलुङ**

निसीखोला गाउँपालिका-६ भल्कोटमा हरेक वर्ष माघ ३ गते पुतलीनाच नाच्ने गरिन्छ । बाइसे चौबीसे राजाका पालादेखि नाचिदै आएको पुतलीनाचलाई यहाँका स्थानीयले संरक्षण गर्दै आएका छन् । पुतलीजस्तै बनेर नाचिने यो नाच महँगो पनि मानिन्छ । थरिथरि रङका कपडा पहिरिएरका बालकदेखि वृद्धसम्मले पुतली बनेर नाच्छन् । युवा पुस्तामा पुतलीनाच संरक्षण गर्ने चासो बढेपछि बर्सेनि नाचको रौनक बढ्दै गएको छ ।

भल्कोटमा मात्र नाच्ने पुतलीनाच उत्कृष्ट मौलिक संस्कृतिका रूपमा लिने गरिन्छ । पुतलीनाचसँगै यस दिन कापै नाच, तरबार नाच र पट्टा नाच नाच्ने गरिन्छ । युवापुस्ता विदेश पलायन र बजार झर्न थालेपछि लोप हुने अवस्थामा पुगेको पुतलीनाच गाउँमा भएका युवाले संरक्षणमा जोड दिएका हुन् । मगर समुदायको पहिचानसँग जोडिएको नाचलाई संरक्षण गर्न स्थानीय सरकारसहित विभिन्न संघसंस्था पनि लागेका छन् ।

नाच संरक्षणका लागि तिलाचन युवा क्लबले अग्रसरता लिएको छ । क्लबले पुराना पुस्ताबाट युवालाई संस्कृति हस्तान्तरण गराउने कार्य गर्दै आएको छ । हरेक वर्ष गाउँमा नयाँ नाच्ने युवा बढिरहेका छन् । सयौं वर्ष पुरानो मानिने यो नाच कहिलेदेखि सुरू भएको यकीन नभए पनि बाइसे चौबीसे राज्य हुँदादेखि नाच्दै आइएको बूढापाकाको भनाइ छ । बाउबाजेले नाच्दै आएको नाचलाई अहिलेसम्म संरक्षण गर्दै आएको स्थानीय ७७ वर्षीय भाजवीर घर्तीमगरले बताए । 'पुतलीनाच मैले जान्ने हुँदादेखि नै नाच्ने गरिन्थ्यो, अहिले म सात दशकभन्दा बढी भएँ, नाच्दै आइएको छ, हामी सानोसानो हुँदा बाउबाजे नाच्थे, मैले त्यही देखेर सिकेको,' घर्ती मगरले भने, 'अहिलेका युवाहरूले पनि सिक्दै छन्, गर्दै छन्, यो संस्कृति कहिलेदेखि सुरू भएको भन्ने थाहा छैन, तर हाम्रा बाजेहरूले सयौं वर्ष पुरानो हो भन्ने गर्थे ।'

## किन नाचिन्छ पुतलीनाच ?

तत्कालीन बाइसे चौबीसे राज्य सञ्चालनका समयमा राजारानीको मृत्यु भएपछि स्थानीयले उनीहरूको स्मृतिमा पुतलीनाच नाच्न थालेको स्थानीय नैनासिंह बुढामगरले बताए । उनका अनुसार माघ २ गते साँझ राजाको सम्झनामा पुतली बनाउने गरिन्छ । राजा, रानी र धाइमा गरी तीनवटा मूर्तिजस्तो पुतली बनाइन्छ भने माघ ३ गते बालक, युवा र वृद्धहरू पुतलीको पहिरन गरेर बाजाको तालमा नाच्ने गर्छन् । माघ ३ गते भल्कोट गाउँबाट नाच्दै केही माथि पुग्ने र त्यहाँ बन्दुक पट्काउने, पुलतीलाई डोलामा डुलाउने र नाच्ने गरिन्छ । साँझ परेपछि खोलामा सेलाइन्छ ।

माघ २ गते साँझ पुतली बनाउन सुरू गरेदेखि ३ गते खोलामा लगेर नबगाउँदासम्म स्थानीय युवाहरू डम्फु बजाउने, अश्लील बोल्ने र कापै खेल्ने गर्छन् । माघ ३ गते बिहानदेखि साँझसम्म भने पुतलीजस्तै बनेका मान्छे नाच्छन् । उनीहरूले शरीरमा विभिन्न थरिका कपडा पहिरिएका हुन्छन् । पुतलीजस्तै बनेका उनीहरू दिनभर नाच्छन् । जसलाई स्थानीयले 'पुतलीनाच' भन्छन् ।

## भालुको पित देखाउने अचम्मको प्रचलन

पुतलीनाचसँगै माघ ३ गते भालुको पित्त देखाउने गरिन्छ । दिनभरि पुतलीजस्तै बनेर नाच्ने मानिसको बीचमा कापै खेल्ने १०-१२ जना युवाको टोली हुन्छ । उनीहरूले डम्फु, घाँडोलगायत थोत्रा भाँडा बजाउने गर्छन् । पुराना थांना कपडा र मुखमा मुखुण्डो लगाएका हुन्छन् भने केहीले अनुहार देखाएका हुन्छन् ।

उनीहरूमध्ये एक जनालाई पुरानो घुम (भेडाको रौंबाट बनेको कपडा) फेरेर चिन्दै नचिनिने बनाइएको हुन्छ । त्यसलाई उनीहरूले भालु भन्छन् । कापै खेल्नेहरूले त्यस भालुको यौनांगमा खरानी र धुलो हाल्दिने गर्छन् भने बेलाबेलामा उत्तानो पारेर देखाइदिनेसमेत गर्छन् । त्यसरी यौनांगा देखाउनेलाई स्थानीयले 'भालुको पित्त' भन्ने गरेका छन् । देख्दा अस्वाभाविकजस्तो लागे पनि यो वर्षौंदेखि गरिँदै आएको प्रचलन हो । कापै खेल्नेहरूले होरे कापे होरे, देवी हाँस्दैनन्, उँभोबाट हात्ती आयो भेल लाएर... लगायत सुन्न पनि अत्यन्तै असहज लाग्ने शब्द प्रयोग गर्ने गर्दछन् । यसरी अश्लील शब्द बोल्दा देवीदेवता खुसी हुन्छन् भन्ने मान्यता रहेको स्थानीय ६६ वर्षीय मनबहादुर घर्तीमगरले बताए ।

'यस्तो खालको संस्कृति देख्दा बाहिरबाट आउने मान्छेलाई नराम्रो लाग्छ होला तर यो ठाउँमा धेरै वर्ष पहिलेदेखि नै भालुको पित्त देखाउने गरिन्छ, अन्य समयमा यस्तो हुँदैन, जुन दिन पुतली नाचिन्छ, त्यही भालुको पित्त देखाउने गरिन्छ,' घर्ती मगरले भने, 'पहिले त अझै बढी चल्थ्यो, तर अहिले विस्तारै कम हुँदै गएको छ, भालु बनाएर यौनांग देखाउने मानिसको पहिचान खुलाउनु हुँदैन ।'



## सेनाको तालिम "पट्टा नाच"

पुतलीनाचसँगै माघ ३ गते नै पट्टा नाच नाच्ने गरिन्छ । हातमा भाला तथा तरबार लिएर पुतली नाच्ने व्यक्तिहरू नै यो पट्टा नाच नाच्ने गर्छन् । तत्कालीन राजाका सिपाहीहरूले गर्ने तालिमलाई अहिले पट्टा नाच भन्ने गरिएको निसीखोला गाउँपालिका-६ का अध्यक्ष हेमबहादुर बुढामगरले जानकारी दिए । उनका अनुसार पट्टा नाच्दा दुईतर्फ तरबार र ढाल राख्ने गरिन्छ र दुई जनाले त्यसलाई नचाउने गर्दछन् । तरबार नचाउँदा दुवैले एकअर्कालाई मार्न र आफू बच्न खोज्छन् । पुतली नाच्ने र तरबार नचाउने उनीहरू आफैं गर्दछन् । पहिले पुराना ढाल तरबारको प्रयोग हुने गरेकामा पछिल्लो समय काठलाई पट्टा बनाएर नाच्ने गरेको उनको भनाइ छ ।

## संरक्षणमा गाउँपालिकाको चासो

स्थानीय सरकार आएपछि बढी पुतलीनाच चर्चामा आउन थालेको छ । प्रचारप्रसारका कारण पश्चिम बागलुङ यो नाच निकै लोकप्रिय बन्दै गएको छ । पाँच वर्ष अगाडिको तुलनामा नाच हेर्न आउने दर्शक पनि बढेका छन् । नाच हेर्नका लागि बागलुङका निसीखोलासहित तमानखोला, ढोरपाटन तथा गुल्मी, प्युठान, रोल्पा र रूकुमबाट हजारौं दर्शक आउने गरेका छन् ।

मगर समुदायको पहिचानसँग जोडिएको पुतलीनाच मौलिक संस्कृति भएको हुँदा पालिकाले बर्सेनि बजेट व्यवस्थापन गरेर व्यवस्थित गर्दै गएको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताए । गाउँपालिकाले पाका पुस्ताबाट युवा पुस्तामा कला र संस्कृति हस्तान्तरण गर्नका लागि प्रशिक्षणलगायत काम गर्ने गरेको उनको भनाइ छ ।

'यस खालको नाच सायद नेपालमै छैन होला, हामी कला, संस्कृतिका हिसाबले धनी छौं, नयाँले नसिकेपछि लोप भएर जान्छ कि भन्ने चिन्ता त हुन्छ नै यद्यपि समय-समयमा युवापुस्तालाई सिक्न प्रेरित गरिरहेका छौं,' उनले भने, 'गाउँपालिका यहाँका संघसंस्थालाई पनि कला, संस्कृति संरक्षण गर्न सक्रिय बनाइरहेको छ, बजेट विनयोजन गर्ने र अन्य पक्षलाई पनि ध्यान दिएका छौं ।' *रासस*




हिमपातपछिको सिमकोट | हुम्लाको सदरमुकाम सिमकोट र आसपासका डाँडाकाँडा हिमपात रोकिएपछि शुक्रबार बिहान देखिएको दृश्य । *तस्बिर: दाने बोहरा/रासस*

# विकासले नछोएको नार्पाभूमिका बस्ती

**मनाङ–** गण्डकी प्रदेश सरकारले उज्यालो प्रदेश र प्रत्येक स्थानीय तहसम्म सडक सञ्जालले जोड्ने लक्ष्य पूरा भएको घोषणा गर्ने अवस्थामा पुगेको छ । तर, प्रदेशकै एकमात्र पालिका हिमाली जिल्ला मनाङको नार्पाभूमि गाउँपालिका भने हालसम्म न सडक सञ्जालले जोडेको छ, न त बिजुली बत्ती नै विस्तार हुनसकेको छ । विद्युत् अभावले यहाँका पालिकाबाट दिइने सेवामा समस्या आउने गरेको छ । पालिकासम्म पुग्नै पैदल हिँडेर दुई दिन लाग्छ । बिजुली अभावले सेवा प्रवाहमा समयमा हुनै सक्दैन । सौर्य ऊर्जाको भरमा पालिकाका कार्यालयबाट सेवा प्रवाह गर्दै आए पनि सबैजसो दिन घाम नलाग्दा समयमा काम नै हुन नसक्ने अवस्था रहेको कर्मचारी बताउँछन् ।

स्थानीय सरकारले कार्यालयसम्म सडक सञ्जाल पुऱ्याउने उद्देश्यले वार्षिकरूपमा बजेट छुट्याउँदै आएको गाउँपालिकाका अध्यक्ष कुन्जो तेन्जिङ लामाले बताए । उनले भने, 'पालिकावासीलाई सेवा प्रवाह र यात्रा सहज बनाउने लक्ष्यका साथ सडकलाई बजेट व्यवस्थापन गर्दै आएका छौं, पालिकाले मात्र सम्भव त छैन, तर कोसिस गरिरहेका छौं । एकैपटकमा सडक र विद्युत् पुऱ्याउन सकिने अवस्था त होइन, प्रयास जारी छ ।' सडक र विद्युत्का लागि प्रदेश सरकारसँग समन्वय भइहेको उनले बताए । देशका प्रत्येक वडा भवनसम्म सडक कालोपत्र गरिसकिएको अवस्था रहे पनि नार्पाभूमि गाउँपालिकामा सडक सञ्जालको ट्र्याकमात्र पनि खोल्न नसक्दा दुःखी भएको उनले बताए ।



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अन्य वर्षभन्दा यस वर्ष जहाँ सडक र विद्युत् पुगेका छैनन्, प्रदेशको ती स्थान प्राथमिकतामा रहेका बताए । उनले हालसम्म पालिकामा नै सडक र विद्युत् नपुगेका क्षेत्रमा पुऱ्याउने लक्ष्यसहित काम अगाडि बढेको बताए । मुख्यमन्त्री पाण्डेले भने, 'प्रदेशका प्रत्येक सडक र विद्युत् नपुगेका क्षेत्र मुख्य प्राथमिकतामा छन्, ती क्षेत्रमा चालु आर्थिक वर्षमा नै केही कामको थालनी हुन्छ, बजेट पूर्ति गर्न नसक्ने अवस्थामा संघ सरकारसँग पहल गरेर भए पनि सडक र विद्युत् पुऱ्याउने लक्ष्यमा छौं ।'

चालु आर्थिक वर्षमा सडक सञ्जाल पुऱ्याउन सम्भव छैन । प्रदेश सरकारले सडक र बत्तीका लागि योजना निर्माण गरेअनुरूप नै काम हुनसके नार्पाभूमिवासीले सहज यात्रा र बिजुली बत्ती पाउने आशा जगाउने छ । यसले नार्पाभूमिवासीलाई हर्षित त बनाउने छ । तर, कति समय लाग्ने भन्ने पक्कापक्की भने छैन ।

प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले नार्पाभूमिमा सडक सञ्जालले जोड्नका लागि ट्र्याकमात्र खोल्न अनुमानित एक अर्ब रुपैयाँभन्दा बढी लाग्ने बताए । उनले भने, 'प्रदेश सरकार टनेल बनाएर अगाडि बढे पनि बजेट पुऱ्याउन सकिने अवस्था छैन, चालु आवमा योजना निर्माण गरी कार्यान्वयनको पक्षमा छौं ।'

'हाम्रो तथ्यांकले पाँच प्रतिशत जनता उज्यालोको पहुँचमा पुग्न नसकेको होइन । सडक सञ्जाल यसै वर्ष पुऱ्याउन नसकिए पनि बत्ती भने पुऱ्याउँछौं, कहीँ सौर्य ऊर्जा, कहीँ विद्युत् पुऱ्याउने लक्ष्य हो, सोहीअनुसार बत्ती चालु आवमा पुऱ्याउने छौं,' डा देवकोटाले भने ।

यस पालिकाका कर्मचारी सामान्य सेवा प्रवाहमा सकस भएपछि पालिकाको सेवा नै सदरमुकाम केन्द्रित भएर दिनुपर्ने अवस्था रहेको बताउँछन् । कार्यालयबाट सेवा प्रवाहमा सकस हुँदा स्थानीयवासीले सेवा लिन दूरदराजमा पुग्नुपर्ने अवस्था अझै कायम रहेको स्थानीय मिङ्मार फुञ्चो लामा बताउँछन् । उनी भन्छन्, 'स्थानीय सरकार आए पनि हामीले अनुभव गर्न पाएका छैनौं, पालिका अध्यक्षलगायत यहाँका नेतृत्वले नगरेका होइनन्, तर एक्लै गर्न सम्भव छैन, यसले अझै कति वर्ष पछि पर्छौं भन्ने हो, यसतर्फ प्रदेश र संघ सरकारले पनि चासो दिनुपर्छ ।'

मनाङ पर्यटकीय हब पनि हो । यहाँ भ्रमणका लागि आउने पर्यटक र स्थानीयवासीले उत्पादन गरेका खाद्यान्नले मात्र पुग्दैन । खाद्यान्न तथा विकास निर्माणका सामग्री ढुवानीका निम्ति सडक सञ्जाल सहज नहुँदा समस्या छ । ज्यान जोखिममा राखेर सामग्री ढुवानी गर्नुपर्ने अवस्था छ । जोखिम सूचीकृत क्षेत्र भएकाले यहाँ आउने पर्यटक बिरामी परेमा अझ समस्या पर्ने गरेको छ । यहाँ आएका पर्यटक तथा स्थानीयवासी बिरामी भएमा सडक सञ्जाल नहुँदा स्थलमार्ग उपयोग गर्न सक्ने अवस्था हुँदैन । महँगो मूल्यमा हेलिकप्टर नै चार्टर गर्नुपर्ने हुन्छ । बिरामीलाई स्वास्थ्यको पहुँचमा पुऱ्याउनसमेत सहज छैन । *रासस*

# प्रयोगविहीन बन्दै हुलाक सेवा

**लमजुङ–** कुनै समय एकमात्र सञ्चारमाध्यमका रूपमा रहेको हुलाक सेवा पछिल्लो समयमा हुलाक कार्यालय प्रभावकारी हुन नसक्दा प्रयोगविहीन हुँदै गएको छ । समयानुकूल र प्रविधिमैत्री हुन नसक्दा लमजुङस्थित जिल्ला हुलाक कार्यालयसहित सबै हुलाक प्रयोगविहीन बन्दै गएको हो ।

पछिल्लो समयमा मोबाइल फोन, इमेल, भाइबर, फेसबुकलगायत आधुनिक प्रविधिको विस्तारसँगै हुलाक कार्यालय प्रयोगविहीन बन्दै गएको हो । विसं १९३५ मा हुलाक घरको स्थापना भई सुरू भएको हुलाक सेवा सरकारी कामकाजलाई सहज बनाउन हुलाक ऐन, २०१९ अन्तर्गत देशभर नै स्थापना गरिएको थियो । व्यक्तिगत तथा पारिवारिक सूचना आदानप्रदान गर्न कुनैबेला प्रमुख साधन बनेको हुलाक सेवा पछिल्लो समय निष्प्रभावी भएको छ । प्रविधिको बढ्दो प्रयोगका कारण हुलाकप्रति मानिसको अरूचि बढ्दै गएको पाइन्छ ।

राइनास नगरपालिकाकी ९३ वर्षीया मनमाया गुरूङले भनिन्, 'विगतमा चिठ्ठीपत्र हुलाकीलाई घरघरमा ल्याउने गर्दथे, हाम्रो पालामा हामीले कसैलाई केही खबर पठाउन परे पनि हुलाक सेवा अर्थात् चिठ्ठीपत्र प्रयोग गरेका थियौं । विगतमा हुलाकी दाई गाउँमा आएको देखेपछि विदेशमा गएका छोरा र आफन्तको खबर आयो कि भन्दै सोध्ने गर्दथ्यौं, खबरको माध्यम भनेकै चिठ्ठीपत्र थियो ।' अहिले आधुनिक प्रविधिसँगै मोबाइल, इन्टरनेटको माध्यमबाट विदेश तथा विभिन्न ठाउँमा रहेका आफ्ना आफन्तको हालखबर मिनेटमै पाउने गर्दा चिठ्ठीपत्र पठाउन नपर्ने भएसँगै यसको बेवास्ता भएको उनले बताइन् ।

'विगतमा चिठ्ठीपत्र पाउन पनि महिनौं दिन कुर्नुपर्थ्यो, त्यसको महत्त्व ठूलो थियो । घर वरिपरि नै हुलाकी दाइ भेटिन्थे तर अहिले हुलाकी दाइ देख्न पनि रहर भइसक्यो,' उनले भने । तर अहिले हुलाक समयानुकूल हुन नसक्दा नयाँ पिढीलाई हुलाक सेवा भनेकै थाहा छैन । हुलाक भनेको सुनेको, हुलाक कार्यालय देखे पनि यसको काम के हो ? जानकारी खासै नभएको मध्यनेपाल नगरपालिकाका २२ वर्षीय कुमार विकले बताए । 'अहिलेसम्म हुलाक सेवा हामीलाई आवश्यकता नपरेकाले कुनै जानकारी तथा महत्त्व थाहा छैन । मैले सुने बुझेअनुसार पहिलाजस्तो हुलाक सेवा प्रभावकारी नभएकाले पनि थापा नभएको हो,' उनले भने । नयाँपुस्ताका विकजस्तै हुलाक सेवाबारे कमैलाई जानकारी छ ।

प्रविधिको युगसँगै हुलाकको ढाँचा परिवर्तन हुन नसक्दा सरकारी कामकाजका चिठ्ठी, पत्रपत्रिका आदानप्रदान, हुलाक टिकट बिक्री, कहिलेकाहीँ बैंकबाट ऋण लगेर भाखा नाघेका व्यक्तिलाई चिठ्ठी पठाउनेलगायत मात्रै काम हुने गरेको हुलाक अधिकृत गंगा घलेले बताए । केही वर्षअघिसम्म प्रविधिको विकास नभएकाले हुलाक सेवा प्रभावकारी बने पनि अहिले हुलाक सेवाबाट भन्दा इन्टरनेट, इमेल, मोबाइल, वेबसाइटजस्ता नयाँ प्रविधिले छिटोछरितो सञ्चारसेवा प्रवाह गर्ने भएकाले हुलाक सेवा उपयोगिविहीन बन्दै गएको हुलाक अधिकृत घलेको भनाइ छ ।

लमजुङबाट प्रतिनिधिसभा सदस्यसमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले यस जिल्लामा मात्र नभई देशभरिका हुलाक सेवा प्रभावकारी नभएको गुनासो आइरहेको र महत्त्व कम हुँदै गएको पाएकाले यसलाई प्रभावकारी, प्रविधिमैत्री बनाउँदै समयसाक्षेप बनाउनुपर्नेमा आफ्नो ध्यान केन्द्रित भएको बताए । विगतकै पारामा अब हुलाक सेवा चल्न नसक्ने र तत्कालै यसलाई परिवर्तन गर्न सक्ने अवस्था पनि नभएकाले विस्तारै हुलाक सेवाका पुरानो नीति नियमलाई परिमार्जन गरेर प्रविधिमैत्री बनाएर अघि बढ्न लागेको उनको भनाइ छ ।

जिल्ला हुलाक कार्यालयका अनुसार सरकारी चिठी र केही व्यक्तिको पार्सललगायत गरी बढीमा २०/२५ वटा चिठ्ठी दैनिक आउने गरेको छ । जिल्लामा एक जिल्ला हुलाक, १० वटा इलाका, ५० वटा अतिरिक्त हुलाक गरी ६१ वटा हुलाक कार्यालय छन् । यी सबै कार्यालयमा २१० जनाभन्दा बढी कर्मचारी छन् । यतिबेला हुलाकका कर्मचारी कार्यालयका कर्मचारी कार्यालय कुर्ने र घाम तापेर घर आउने जाने गरिरहेका छन् । *रासस*


## युएइमा रोजगार

कम्पनी : AL BUSTAN FOR PARTIES ORGANIZATION

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 317207 | चलानी नं. ६०२३१४४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER GCC | 7 | 0 | 1000 | ३७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74

Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

## साउदीमा रोजगार

कम्पनी : HAMED BIN SAUD BIN SAMAR AL-OTAIBI COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317153 | चलानी नं. ६०२३१४४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३६,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १३ गते (26th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com


# जनधनको क्षति जोगाउन प्रभावकारी बन्दै पालिकाको दमकल

**झापा (प्रस)–** शिवसताक्षी नगरपालिका-७ लालझोडामा आगलागीबाट छ वर्षअघि एकै परिवारका चार जनाको मृत्यु भएपछि स्थानीयवासीमा आक्रोश फैलिएको थियो । उक्त दर्दनाक आगलागीको घटना २०७५ साल मंसिर ९ गते राति भएको थियो । घटनापछि स्थानीयवासीको एउटै स्वर थियो, 'नगरपालिका भन्या छ, एउटा पनि दमकल छैन ।'

त्यसबेला शिवसताक्षी नगरपालिकामा दमकल थिएन । टाढाबाट दमकल आइपुग्न ढिलो भएको विषयले मिडिया र सामाजिक सञ्जालमा चर्चा पाउँदा नगरपालिकाको विरोध भएको थियो ।

विसं २०७९ मा नवनिर्वाचित नगरप्रमुख मेगाहाङ थोप्राले दमकल किन्ने प्रस्तावलाई नगरपालिकाको पहिलो बोर्डको बैठकबाट निर्णय गराए । उनकै अग्रसरतामा पालिकाले लगत्तै दमकल खरिद गऱ्यो । त्यसपछि आगलागीका घटनामा क्षति रोक्न दमकलको भूमिका सकारात्मक देखियो । दुई वर्षमा आगलागीका घटनामा शिवसताक्षीमा एक जनाको पनि ज्यान गएको छैन ।

समयमै दमकल पुग्ने र आगलागी निभाउने भएकाले मानवीय र भौतिक दुवै क्षति रोकिएको हो । पालिकाले दमकल सञ्चालनमा ल्याएयताको दुई वर्षमा पालिकाभित्र ७७ स्थानमा आगलागीका घटना भएका छन् । सबै घटनामा आगो निभाउन पालिकाको दमकल पुगेको देखिन्छ ।

आर्थिक वर्षमा २०८०/८१ मा ४० स्थान र चालु आव २०८१/८२ मा ३७ स्थानमा आगलागी नियन्त्रण गरेको शिवसताक्षी नगरपालिकाको दमकल टोलीको कमान्डर नवराज लामिछानेले बताए । उनका अनुसार शिवसताक्षीको दमकलले नगरभित्र नभई झापा जिल्ला र अन्य स्थानमा समेत आगलागी नियन्त्रणको काम गर्दै आएको छ । नगरप्रमुख थोप्राले नागरिकको जीउधनको सुरक्षा पहिलो प्राथमिकता भएको हुँदा दमकललाई हरपल तयारीमा राखिएको र पर्याप्त साधन स्रोत उपलब्ध गराइएको बताए । नेपाल रेडक्रस सोसाइटी उपशाखा शिवसताक्षीका सभापति गोविन्द काफ्लेले प्राकृतिक प्रकोप, आगलागी, दुर्घटनालगायत घटनामा क्षति न्यूनीकरण गर्न पालिकाको दमकलले पुऱ्याएको सेवा प्रशंसायोग्य रहेको बताए ।

यही पुस २० गते धार्मिक तथा पर्यटकीय क्षेत्रभित्र रहेको श्रीसताक्षीधाम गोवर्द्धन गौशालाको गाईगोठमा आगलागी भएको थियो । पालिकाको दमकल तुरून्तै पुगेर आगो निभाएका कारण ठूलो क्षतिबाट बचेको गौशालाका अध्यक्ष आचार्य नन्दकिशोर भारद्वाजले जानकारी दिए । दमकलको प्रभावकारिता देखेका शिवसताक्षीका नगरवासी अहिले भन्न थालेका छन्, 'छ वर्षअघि आफ्नै दमकल थियो भने लालझोडामा एउटै परिवारका चार जनाले अकालमा मृत्युवरण गर्नुपर्ने थिएन ।'


# मादी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**ओखरबोटे, संखुवासभा**

**कोशी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थबाट आन्तरिक आय तर्फ**

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१।१०।०४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) घ (१) घ (२) र घ (६) समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन, जिल्ला समन्वय समितिको ढुंगा, गिट्टी, वालुवा, उत्खनन्, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थापन गर्ने कार्यविधि २०७५ मा भएको व्यवस्था तथा मादी नगरकार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरूमा कर तथा शशुल्क असुली सम्बन्धी काम आ.व. २०८१।०८२ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य व्यक्ति वा फर्म/कम्पनीहरूले स्वीकृत शिलबन्दी दरभाउपत्रको ढाँचा खरिद गरी रित पूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नहुन अनुरोध छ । अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व. २०८१/०८२ का लागि कायम न्यूनतम अंक मू.अ. कर बाहेक | संकलन र उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | शिलबन्दी दरभाउपत्र फारम दस्तुर | धरौटी जमानत रकम जम्मा गर्ने खाता: MADI MUNICIPALITY – DHARAUTI KHATA 06007632080034 |
|---|---|---|---|---|---|
| MM/SQ/ 01/081/082 | मादी नगरपालिका क्षेत्र अर्न्तगत अवस्थित माया र पिलुवा खोला क्षेत्र, IEE मा उल्लेखित क्षेत्रहरूबाट संकलन तथा उत्खनन् शुल्क | रू. ४७०१०६।०० | ७२३२४ घ. फि. | रू. १,०००।- | रू. ११७५३।०० |
| MM/SQ/ 02/081/082 | मादी नगरपालिका क्षेत्र अर्न्तगत अवस्थित यावरा खोला क्षेत्र (IEE मा उल्लेखित क्षेत्रहरूबाट संकलन तथा उत्खनन् शुल्क | रू. ५७३३००।०० | ८८२०० घ. फि. | रू. १,०००।- | रू. १४३३५।०० |

# प्रभाव दैनिक





### फिल्ममा हिरो बन्दै बले

हास्य श्रृखला 'सक्किगो नि'का कलाकार सागर लम्साल 'बले' हिरो बन्ने भएका छन् । उनी फिल्म 'डल्लेले इन्ट्री मार्यो'मा हिरोको रूपमा देखिने भएका हुन् । निर्देशक राजु गिरीले उनलाई शुक्रबार फिल्मका लागि अनुबन्धित गरेका हुन् । फिल्ममा उनी डल्ले नामक शीर्ष भूमिकामा देखिने निर्देशक गिरीले बताए । उनले भने, ' क्यारेक्टरमा फिट देखेर सागरलाई शीर्ष भूमिकामा लिइएको हो ।' सागरले 'लोफर', 'हैरान' लगायतका केही फिल्म सानोतिनो भूमिका र थुप्रै म्युजिक भिडियो अभिनय गरेका छन् ।




शनिबार, ०५ माघ २०८१ (Saturday, January 18, 2025)


## 'कार्साङ'को कथावस्तुप्रति शेर्पा समुदायको आपत्ति



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र 'कार्साङ'को कथावस्तुमा गलत प्रस्तुति गरेको भन्दै शेर्पा समुदायले आपत्ति जनाएका छन् ।

चलचित्रमा बलि र छेवर संस्कारलाई देखाइएको तर ती प्रथाहरू शेर्पा समदायमा नरहेको भन्दै असन्तुष्टि व्यक्त गरिएको हो । बौद्ध धर्मावलम्बी शेर्पा समुदायका अनुसन्धानकर्ता सेर्कु शेर्पाले शेर्पा संस्कृतिमा बलि र छेवरको कुनै स्थान नभएको बताउँदै यस्ता चलचित्रहरूले सांस्कृतिक विचलन ल्याउन सक्ने चेतावनी दिए ।

शेर्पा चलचित्र संघले जारी गरेको विज्ञप्तिमा शेर्पा समुदायको संस्कारको दुरुपयोग गरेको भन्दै सार्वजनिक माफीको माग गरिएको छ । विज्ञप्तिमा भनिएको छ, 'शेर्पा समुदायले बुद्ध धर्मलाई मान्छ, बलि दिने प्रथा हाम्रो संस्कृति होइन ।'

निर्माण पक्षले भने चलचित्रको कथावस्तु समग्र शेर्पा समुदायको नभई सिन्धुपाल्चोकको यार्सा गाउँका शेर्पा समुदायको संस्कारमा आधारित रहेको स्पष्ट पारेका छन् । निर्देशक याम शेर्पाले चलचित्रको प्रचार सामाग्रीबाट 'शेर्पा संस्कृतिमा आधारित' भन्ने वाक्यांश हटाइएको जानकारी दिए ।

तर, शेर्पा अगुवाहरूले चलचित्रको कथावस्तु ऐतिहासिक रूपमा गलत व्याख्या हुने भन्दै तत्काल सच्याउन माग गरेका छन् । 'चलचित्रले भविष्यमा शेर्पा परम्पराको प्रतिनिधित्व गर्ने झल्को दिने हुँदा गलत प्रस्तुति सच्याइनुपर्छ,' अगुवाहरूको भनाइ छ ।

चलचित्रका कलाकारहरूले यो शेर्पा समुदायको पहिलो चलचित्र भएको दाबी गरेका थिए । तर, निर्माता फाराडेन्डी शेर्पाले 'खाङ्गी' पहिलो शेर्पा चलचित्र भएको र पछिल्लो समय 'कुसुम' र 'टिन्छेन फामा' जस्ता चलचित्र समेत निर्माण भइसकेको स्मरण गराउँदै यो चलचित्र पहिलो नभएको तर्क गरे ।

पुस २६ गतेदेखि प्रदर्शनमा रहेको 'कार्साङ' मा दयाहाङ राई, जितु नेपाल, सिर्जना निङ्लेखु, दिया मास्के र बुद्धि तामाङको अभिनय रहेको छ ।

## सैफ अली खानमाथि हमला गर्ने पक्राउ

■ एजेन्सी

**मुम्बई–** मुम्बईको बान्द्रा प्रहरीले अभिनेता सैफ अली खान माथी शुक्रबार भएको हमालमा संलग्न एक संदिग्धलाई पक्राउ गरेको छ । प्रहरीले उनीसँग सोधपुछ गरिरहेको जनाइएको छ । उनलाइ बान्द्रा प्रहरी चौकीमा लगिएको छ । तर, प्रहरीले उनको पक्राउका बारेमा कुनै जानकारी दिएको छैन ।

प्रहरीका अनुसार आक्रमणपछि संदिग्ध व्यक्ति बान्द्रा रेलवे स्टेशन नजिकैको सीसीटीभीमा देखिएको थियो । उनलाई यही क्षेत्रबाट पक्राउ गरिएको हो । संदिग्ध व्यक्ति १५ जनवरी बिहान २:३० बजे सैफको घरको छैठौं तलाबाट तल झरेको देखियो ।

यस आक्रमणमा अभिनेताको घाँटी, ढाड, हात र टाउको सहित ६ स्थानमा छुरा प्रहार गरिएको थियो । लिलावती अस्पतालका सीओओ डा. नीरज उत्तमानीले सैफको मेरुदण्डमा चक्कुको टुक्रा अड्किएको र तरल पदार्थ पनि निस्किरहेको बताएका थिए । उनको शल्यक्रिया गरेर निकालिएको छ । यो भागलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिएको छ ।





बान्द्रा प्रहरीले आक्रमणकारीको खोजीका लागि १० टोली बनाएको थियो । अपराध महाशाखाले घटनाको अनुसन्धानका लागि टोली समेत गठन गरेको छ । अनुसन्धानका लागि क्राइम ब्रान्च सैफको घरमा पनि पुगेको छ । टोलीमा इन्काउन्टर विशेषज्ञ दया नायक पनि रहेका छन् ।

## तेस्रो अन्तर्राष्ट्रिय नाट्य महोत्सव चैत ६ बाट

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल अन्तर राष्ट्रिय नाट्य महोत्सव (निटफेस्ट)को तेस्रो संस्करण चैत ६ गतेदेखि हुने भएको छ । मण्डला थिएटरको आयोजनामा हुने निटफेस्ट विश्व रङ्गमञ्च दिवसका दिन चैत १४ गते समापन हुनेछ ।




अवधारणगत रुपमा तेस्रो निटफेस्ट 'सामाजिक रुपान्तरणका लागि रङ्गमञ्चः रैथाने ज्ञानको उज्यालो' भन्ने नाराका साथ हुने छ भने निटफेस्टले महोत्सव निर्देशकका रुपमा कलाकार दयाहाङ राईलाई चयन गरेको छ ।

मण्डला थिएटर नेपाल तथा निटफेस्ट संयोजन समूहले कलाकार राईलाई महोत्सव निर्देशकको रुपमा चयन गरेको हो । साथै महोत्सव संयोजकको रुपमा रङ्गकर्मी केदार श्रेष्ठलाई जिम्मेवारी दिइएको छ ।

यसपटकको निटफेस्ट काठमाडौंको मण्डला थिएटर सँगसँगै काठमाडौंबाहिर पनि विभिन्न सहरमा हुनेगरी तयारी भइरहेको आयोजकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । महोत्सवका लागि गत जुनमा नाटक तथा कार्यक्रमको आवेदन आह्वान गरिएको थियो । प्राप्त आवेदनहरुबाट नाटक तथा कार्यक्रम छनौट कार्य पनि सकिएको जनाइएको छ ।



## अखिल कप फुटसलको उपाधि एनसिआइटी कलेजलाई




■ प्रभाव संवाददाता

**ललितपुर –** अनेरास्ववियु पोखरा विश्वविद्यालय (पियू) राष्ट्रिय कमिटीले आयोजना गरेको दोस्रो पियु अखिल कप फुट्सलको उपाधि पोखरा विश्वविद्यालयअन्तर्गत एनसिआइटी कलेजले जितेको छ ।

ललितपुरको च्यासल स्थित नेसनल स्पोर्टस् सेन्टरमा भएको फाइनल खेलमा एनसिआइटी कलेजले लिबर्टी कलेजलाई पराजित गर्दै विजेता बन्न सफल भएको हो । प्रतियोगितामा विभिन्न विश्वविद्यालयका २० कलेजले सहभागिता जनाएका थिए ।

प्रतियोगिताको उद्घाटन नेकपा एमालेका केन्द्रीय सदस्य तथा अनेरास्ववियुका पूर्वअध्यक्ष माधव ढुङ्गेलको प्रमुख आतिथ्यतामा भएको थियो भने समापन अनेरास्ववियुका केन्द्रीय अध्यक्ष समिक बडालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । प्रतियोगिताको विजेता एनसिआइटी कलेजले नगद ६० हजार रुपैँयासहित ट्रफी, मेडल, र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता लिबर्टी कलेजले नगद ४० हजार रुपैँया सहित ट्रफी, मेडल, र प्रमाणपत्र पाएको छ ।

कार्यक्रममा अनेरास्ववियु पोखरा विश्वविद्यालय राष्ट्रिय कमिटीका अध्यक्ष तथा कार्यक्रम संयोजक उमेश भण्डारीले प्रतियोगितालाई भव्यताका साथ सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गरेका छन । यस्ता कार्यक्रमले विद्यार्थी बिच एकता र सहयोगको भावना विकास हुनुका साथै प्रतिस्पर्धा मार्फत श्रेष्ठता हासिल हुने उनले बताए ।

दोस्रो पीयू कप फुटसल प्रतियोगिता विद्यार्थीहरूबिच खेलकुदको माध्यमबाट एकता र सहकार्यको सन्देश दिन सफल भएको अनेरास्ववियु स्थायी कमिटी सदस्य एवं पोखरा विश्वविद्यालयका इन्चार्ज भरत सिंह धामीले बताए ।

## टाइगर कप भलिबल माघ दोस्रो सातादेखि

■ प्रभाव संवाददाता

**काठमाडौं –** 'टाइगर ग्रुप अफ पोखरा नेपाल'को आयोजनामा पाँचौं संस्करणको टाइगर कप भलिबल प्रतियोगिता माघ दोस्रो सातादेखि सञ्चालन हुने भएको छ । उक्त प्रतियोगिता यही माघ १२ देखि १९ गतेसम्म सञ्चालन हुने छ ।




प्रतियोगितामा महिला र पुरुष गरी कूल १२ टोलीको सहभागिता रहने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिए । उनका अनुसार पुरुष र महिलातर्फ एक एक विदेशी टोली समेत सहभागी हुनेछन् ।

प्रतियोगितामा पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस् क्बल, गण्डकी प्रदेश भलिबल सङ्घ, त्रिभुवन आर्मी क्लब, नेपाल पुसिल क्लब र नेपाल एपिएफ क्बल सहभागी हुनेछन् । विदेशी टोलीमा भारतको कुरुक्षेत्रको सुनील भलिबल क्लब अमीन रहेको छ । त्यसैगरी महिलातर्फ नेपाल एपिएफ क्लब, टिपटप न्यू डायमण्ड युथ स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब र टाइगर ग्रुप अफ पोखरा रहेका छन् । महिलातर्फ विदेशी टोली थाइल्याण्डको ट्राभल इन्क्वारी युनाइटेट प्यासन भलिबल क्लब सहभागी हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा पुरुष र महिलातर्फका दुवै विजेता टोलीले रु पाँच लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् भने उपविजेताले रु दुई लाख ८५ हजार पाँच सय ५५ पाउनेछन् । प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रु एक लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछ ।

प्रतियोगिताका सर्वोत्कृष्ट पुरुष र महिला खेलाडीले जनही रु २५ हजार सात सय ७७ पाउनेछन् । त्यसैगरी उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिब्रो, उत्कृष्ट स्पाइकर र उत्कृष्ट प्रशिक्षक (पुरुष/महिला)ले जनही रु १० हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् । उक्त प्रतियोगिताको खेल भने पोखरामा हुनेछ ।

## नेपाल खो–खो विश्वकपको सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** भारतमा जारी खो-खो विश्वकपमा नेपालका दुवै टोली सेमिफाइनल प्रवेश गरेको छ । शुक्रबार बंगलादेशमाथि सानदार जित निकाल्दै नेपाली पुरुष टोली र महिला टोलीले न्यूजिल्याण्डलाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो ।

नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर स्टेडियममा भएको क्वार्टरफाइनलमा नेपालले शुक्रबार बंगलादेशमाथि ६७-१८ को सानदार जित हासिल गरेको हो। योसँगै नेपालले फाइनल प्रवेशका लागि इरानसँग खेल्ने भएको छ । इरानले शुक्रबार नै भएको पहिलो क्वार्टरफाइनलमा केन्यालाई ८६-१८ ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको थियो। यी दुईबीचको खेल शनिबार हुनेछ।


त्यस्तै महिलातर्फ नेपाल सेमिफाइनलमा प्रवेश गरेको छ । शुक्रबार भएको क्वाटरफाइनलमा इरानलाई १०३-८ अंकको अन्तरले हराउँदै नेपाल सेमिफाइनलमा पुगेको हो । नेपालले अब फाइनल प्रवेशका लागि युगाण्डासँग खेल्ने छ । युगाण्डाले आजै भएको खेलमा न्युजिल्याण्डलाई हराउँदै सेमिफाइनलमा स्थान बनायो ।

नेपाल समूह सी को विजेताका रूपमा क्वाटरफाइनलमा प्रवेश गरेको थियो । नेपाल आफ्नो समूहमा अपराजित रहेको थियो ।

पहिलो खेलमा भुटानलाई ९३-२४, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ तथा तेस्रो खेलमा श्रीलंकालाई ११०-१० ले पराजित गरेको नेपालले चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले हराएर समूह विजेता बनेको थियो ।

# चीनको आर्थिक वृद्धिदर दशकयताकै सबैभन्दा सुस्त

**बेइजिङ–** चीनले गत वर्ष दशकयताकै सबैभन्दा कम आर्थिक वृद्धिदर हासिल गरेको तथ्यांकले देखाएको छ । आगामी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्भावित व्यापार गतिरोधले चीनलाई आगामी केही वर्ष आर्थिक वृद्धिदरमा बृहत्तर विकास गर्न समस्या हुने विश्लेषकहरूले आँकलन गरेका छन् ।



बेइजिङले हालैका महिनाहरूमा आर्थिक मन्दीको मारमा परेका आफ्ना उद्योग र व्यावसायिक फर्महरूलाई सबैभन्दा आक्रामक सहयोगका उपाय अपनाउँदै सहयोग गर्ने घोषणा गरेको छ । अर्थव्यवस्थालाई पुनरुत्थान गर्नका लागि बजार ऋण संकट र सुस्त उपभोक्ता खर्चसहित धेरै क्षेत्रले आर्थिक संकटको सामना चीनले गरेको छ ।

बेइजिङको राष्ट्रिय तथ्यांक विभाग (एनबिएस) को आधिकारिक तथ्यांकअनुसार सन् २०२३ मा ५.२ प्रतिशत रहेको अर्थतन्त्र गत वर्ष पाँच प्रतिशतले वृद्धि भएको थियो । बढ्दो बाहय दबाब र आन्तरिक कठिनाइका कारण जटिल र गम्भीर वातावरणको सामना गर्दै यो वृद्धि भएको एनबिएसले जनाएको छ ।

अर्थतन्त्रले अझै पनि 'कठिनाइ र चुनौती'को सामना गरिरहेको अधिकारीहरूले स्वीकारेका छन् । उपभोक्ता भावनाको एक प्रमुख मापक खुद्रा बिक्री ३.५ प्रतिशत बढेको छ । यो सन् २०२३ मा रेकर्ड गरिएको ७.२ प्रतिशतको वृद्धिको तुलनामा व्यापक गिरावट हो । तर, औद्योगिक उत्पादन भने अघिल्लो वर्षको ४.६ प्रतिशतको तुलनामा वृद्धि भई ५.८ प्रतिशत कायम भएको छ ।

कोभिड-१९ महामारीका आर्थिक उथलपुथलका वर्षहरूबाहेक चीनको कुल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धिदर सन् १९९० यताकै सबैभन्दा कम हो । एएफपीले गरेको सर्वेक्षणमा सन् २०२५ मा आर्थिक वृद्धिदर ४.४ प्रतिशतमा झर्ने र सन् २०२६ मा चार प्रतिशतभन्दा तल झर्ने अनुमान विश्लेषकहरूले गरेका छन् ।

चीन अहिलेसम्म महामारीबाट पुनरुत्थान गर्न असफल भएको छ, घरेलु खर्च मन्दीमा फसेको छ । तथ्यांकले यस हप्ताको सुरुमा दाबी गरेअनुसार गत वर्ष चीनको निर्यात ऐतिहासिक उच्च तहमा पुगेको थियो । देशको विशाल व्यापार अधिशेषमाथि आँधीबेहरीको बादल जम्मा हुनुको अर्थ बेइजिङले कमजोर अर्थव्यवस्थालाई बढावा दिन निर्यातमा भरोसा गर्न सक्षम नहुन सक्छ ।

अर्को हप्ता आफ्नो दोस्रो कार्यकाल सुरु गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पले चीनमाथि कडा प्रतिबन्ध लगाउने चेतावनी दिएका छन् । बेइजिङले हालैका महिनाहरूमा अर्थतन्त्रलाई मजबुत बनाउन प्रमुख ब्याज दरहरू कटौती गर्ने, स्थानीय सरकारको ऋणलाई सहज बनाउने र घरायसी सामानहरूको लागि अनुदान कार्यक्रमहरू विस्तार गर्नेजस्ता धेरै उपायहरू अघि सारेको छ । *रासस/एएफपी*

# ट्रम्पको शपथग्रहण समारोहमा चीनबाट उपराष्ट्रपति सहभागी हुने

**बेइजिङ–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथग्रहण समारोहमा भाग लिन चीनले उपराष्ट्रपति हान झेङलाई पठाउने शुक्रबार जानकारी गराएको छ । गत नोभेम्बरमा दोस्रोपटक निर्वाचित भएका ट्रम्पले सोमबार वासिङ्टनमा पद तथा गोपनीयताको शपथ लिने कार्यक्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङले आफ्ना उपराष्ट्रपतिलाई पठाउने भएका हुन् ।

ट्रम्पले शपथ समारोहमा आमन्त्रण गर्ने पाहुनाको सम्बन्धमा नजिरलाई तोड्दै ट्रम्पले चिनियाँ राष्ट्रपति र विश्वका अन्य नेतालाई समारोहमा आमन्त्रण गर्ने जानकारी ट्रम्पको संक्रमणकालीन टोलीले गराएको थियो । चिनियाँ विदेश मन्त्रालयले शुक्रबार ट्रम्पको शपथ समारोहमा उपराष्ट्रपति सीको 'विशेषज्ञ प्रतिनिधि'का रूपमा हान सहभागी हुने जनाएको छ ।



'चीनले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र संयुक्त राज्य अमेरिकासँगको सम्बन्धलाई हेर्ने र बढाउने कार्यमा सहकार्य र समन्वयको सिद्धान्तलाई अनुसरण गर्दछ,' चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामी नयाँ अमेरिकी सरकारसँग वार्ता र संवाद बढाउन र मतभेदको उचित व्यवस्थापन गर्न काम गर्न तयार छौं ।'

बेइजिङले 'स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्धलाई संयुक्त रूपमा अगाडि बढाउन र दुई देशलाई एक अर्कासँग घुलमिल हुनका लागि सही बाटो खोज्न' इच्छुक रहेको बताएको छ । आफ्नो पहिलो कार्यकालमा ट्रम्पको चीनसँगको सम्बन्ध तीक्ततापूर्ण रहेको थियो । खासगरी उनले चिनियाँ सामानमा अतिरिक्त करको घोषणा गरेपछि दुई देशबीच व्यापार युद्ध चलेको थियो । विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनबाट आयात हुने धेरै सामानमा करको दायरामा अत्यधिक वृद्धि भएको थियो । उनले बेइजिङले अनुचित व्यापार अभ्यास गरेको र संयुक्त राज्य अमेरिकामा विनाशकारी फेन्टानिल संकटमा भूमिका खेलेको आरोप लगाउँदै यसपटक थप कडा उपायहरू लागू गर्ने चेतावनी दिएका छन् । *रासस/एएफपी*

# चीनको जनसंख्या घट्ने क्रम जारी

**बेइजिङ–** छ दशकभन्दा बढीको जनसंख्या वृद्धिपछि जनसंख्या घट्दो क्रममा रहेको चीनको जनसंख्या सन् २०२४ मा लगातार तेस्रो वर्ष जनसंख्या घटेको र छ दशकभन्दा बढीको जनसंख्या वृद्धिपछि घट्दो क्रममा रहेको बताएको छ ।

कुनै समय विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश चीनलाई सन् २०२३ मा भारतले उछिनेको थियो र बेइजिङले अनुदान र प्रजनन पक्षधर प्रचारप्रसारमार्फत घट्दो जन्मदरलाई बढावा दिन चाहेको थियो । सन् २०२३ मा एक अर्ब ४१ करोड जनसंख्या रहेको चीनको जनसंख्या सन् २०२४ को अन्त्यसम्ममा एक अर्ब ४० करोड ८० लाख पुगेको बेइजिङको राष्ट्रिय तथ्यांक विभागले जनाएको छ ।

सन् २०२२ को तुलनामा यो गिरावट कम तीव्र रहेको तथ्यांकले देखाएको छ । चीनले सन् १९८० को दशकमा अत्यधिक जनसंख्याको डरका कारण लागू गरेको 'एक सन्तान नीति' सन् २०१६ मा अन्त्य गरेको थियो र सन् २०२१ मा एक दम्पतीले तीन सन्तान जन्माउन पाउने बनाएको थियो ।

तर यसले लामो समयदेखि आर्थिक वृद्धिको चालकको रूपमा आफ्नो विशाल श्रमशक्तिमा निर्भर रहेको देशको जनसांख्यिकीय गिरावटलाई उल्टाउन असफल भएको छ । धेरैले जन्मदर घट्नुको मुख्य कारण जीवनयापनको बढ्दो लागतका साथै श्रमशक्तिमा जाने र उच्च शिक्षा हासिल गर्ने महिलाको बढ्दो संख्या रहेको बताएका छन् ।

'इकोनोमिस्ट इन्टेलिजेन्स युनिट'का अनुसार सन् २०३५ सम्ममा चीनको कूल जनसंख्याको करिब एकतिहाइ जनसंख्या ६० वर्षमाथिको मानिसको हुने छ । शुक्रबार सार्वजनिक गरिएको तथ्यांकअनुसार अहिले ६० वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसंख्या ३१ करोड ३१ लाख पुगेको छ । यो देशको एक चौथाइभन्दा केही प्रतिशतमात्र कम हो र सन् २०२३ मा रेकर्ड गरिएको करिब २९ करोड ७० लाखभन्दा केही प्रतिशत बढी हो ।

तथ्यांकले चीनको जन्मदर विश्वमा सबैभन्दा कम जन्मदर भएका मुलुकको अघिल्लो वर्षको तुलनामा केही बढेर प्रतिएक हजार ६.७७ व्यक्ति पुगेको छ । गत सेप्टेम्बरमा अधिकारीहरूले ६० वर्षको उमेरमा तोकिएको वैधानिक अवकाशको उमेर क्रमशः बढाउने बताएका थिए । यो दशकौंदेखि उठाइएको थिएन । यो नियम जनवरी १ देखि लागू भएको हो । चीनको अघिल्लो सेवानिवृत्ति उमेर आर्थिक, पोषण, स्वास्थ्य र रहनसहनमा तीव्र सुधार ल्याउनुभन्दा पहिलेको व्यापक अभाव र गरिबीको समयमा तय गरिएको थियो । हालैका वर्षहरूमा विश्वको दोस्रो ठूलो अर्थव्यवस्थाले सुस्त वृद्धिको सामना गर्नुपरेको छ । *रासस/एएफपी*

# इमरान खानलाई भ्रष्टाचार मुद्दामा १४ वर्षको जेल सजाय



**रावलपिण्डी, पाकिस्तान–** पाकिस्तानको एक अदालतले पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान र उनकी पत्नी बुशरा बिबीलाई भ्रष्टाचारको मुद्दामा दोषी ठहर गरेको छ । फसलामा खानलाई १४ वर्षको जेल सजाय सुनाएको छ ।

न्यायाधीश नासिर जावेद राणाले फैसलाबारे भने, 'अभियोजन पक्षले आफ्नो मुद्दा प्रमाणित गरेको छ । खान दोषी ठहरिएका छन् ।'

खानकी पत्नी बिबीलाई सात वर्षको जेल सजाय सुनाइएको छ । भ्रष्टाचार विरोधी अदालतले खानलाई राखिएको राजधानी इस्लामावाद नजिकैको जेलमा भएको सुनुवाइपछि फैसला सुनाएको हो । उनीहरूले मिलेर स्थापना गरेको अल-कादिर ट्रस्ट नामक कल्याणकारी फाउन्डेसनका नाममा भएको आर्थिक अनियमितताका कारण उनीहरूलाई दोषी ठहर गरिएको फैसलामा उल्लेख छ ।

खान सन् २०२३ को अगस्टदेखि जेलमा छन् र उनीमाथि करिब २०० वटा मुद्दा लगाइएका छन् । ती मुद्दा उनलाई सत्तामा फर्कनबाट रोक्नका लागि राजनीतिक प्रतिशोधबाट प्रेरित भएको दाबी खानले गरेका छन् । उनकी पत्नी बिबी हालसालै जेलबाट रिहा भएकी थिइन् भने उनलाई फैसलापछि शुक्रबार अदालतबाटै पक्राउ गरिएको छ । शुक्रबार बिहान अदालतको सुनुवाइमा भाग लिन उनी खानलाई राखिएको जेलमा उपस्थित भएकी थिइन् । *रासस/एएफपी*

# फ्रान्सेली राष्ट्रपति लेबनानमा

**बेरूत, लेबनान–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले शुक्रबार बेरुतमा आफ्ना समकक्षीलाई भेटेर सहयोगको प्रस्ताव गरेका छन् ।

दुई वर्षभन्दा लामो राजनीतिक शून्यतापछि जोसेफ औन यही जनवरी ९ मा राष्ट्रपतिमा निर्वाचित भएका छन् र नवाफ सलामलाई प्रधानमन्त्रीका रूपमा चयन गरेका छन् । इजरायल-हिजबुल्लाह युद्ध र वर्षौंको आर्थिक संकटपछि लेबनानको नेतृत्व गर्ने राष्ट्रपतिले चुनौतीपूर्ण जिम्मेवारीको सामना गर्नुपरिरहेको छ ।

निवर्तमान प्रधानमन्त्री नजिब मिकातीको कार्यालयले म्याक्रोँलाई शुक्रबार बिहान बेरुत विमानस्थलमा स्वागत गर्ने जनाएको छ । इजरायल र हिजबुल्लाहबीच भएको युद्धविराम सम्झौतालाई पूर्णरुपमा कार्यान्वयन गर्न जनवरी २६ को समयसीमामा म्याक्रोँले लेबनानको राजधानीमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेससँग पनि भेटवार्ता गर्ने अपेक्षा गरिएको छ ।

म्याक्रोँको भ्रमणको उद्देश्य लेबनानको सार्वभौमिकतालाई सुदृढ पार्न, यसको समृद्धि सुनिश्चित गर्न र यसको एकता कायम राख्न औन र सलामलाई 'मद्दत' गर्नु हो । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT MOHAMED ISSAD MOHAMED ZAREE FOR TRADING.

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 317198 | चलानी नं. ६०२३१४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | POULTRY FARM WORKER | 2 | 0 | 1000 | ३६,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## साउदीमा रोजगार

कम्पनी : INDUSTRIAL RESOURCE DEVELOPMENT CORPORATION FOR GENERAL

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 310401 | चलानी नं.६०२२५०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३६,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



SUHASHA LINK PVT. LTD.
License No.: 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,



## युएइमा रोजगार

कम्पनी : TZAMEER TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 304993 | चलानी नं. ६०२१९७५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 1200 | ४५,१५७ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 7 | 0 | 1200 | ४५,१५७ | | | | | | | |
| 3 | Gypsum Carpenters | 5 | 0 | 1200 | ४५,१५७ | | | | | | | |
| 4 | PAINTER | 3 | 0 | 1200 | ४५,१५७ | | | | | | | |
| 5 | PLUMBER | 7 | 0 | 1200 | ४५,१५७ | | | | | | | |
| 6 | Receptionist | 0 | 1 | 1500 | ५६,४४७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 99814462098, 9867835681, 9851206038, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कतारमा रोजगार

कम्पनी : FAHIMA AKTAR TRADING CONTRACTING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 317184 | चलानी नं. ६०२३१४६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 4 | 0 | 1000 | ३८,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १२ गते (25th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82


# बाइडेनले २५०० जनालाई दिए क्षमादान

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेनले अहिंसात्मक लागुऔषधसम्बन्धी अपराधमा दोषी ठहरिएका करिब दुई हजार ५०० व्यक्तिको सजाय घटाएको ह्वाइट हाउसले शुक्रबार जनाएको छ ।



राष्ट्रपति बाइडेनले सामाजिक सञ्जाल एक्समा जारी विज्ञप्तिमा भनेका छन्, 'जसको सजाय घटाइएको छ, उनीहरूले आज पाउनेभन्दा 'असमान रूपमा लामो सजाय' भोगिरहेका छन् ।' उनले यो कदमलाई 'ऐतिहासिक गल्तीहरू सच्याउन, सजायमा हुने असमानता सच्याउन र योग्य व्यक्तिहरूलाई उनीहरूको परिवारमा फर्कने अवसर प्रदान गर्ने दिशामा एक महत्त्वपूर्ण कदम' बताएका छन् ।

राष्ट्रपति बाइडेनले भने, 'यो कदमसँगै मैले अमेरिकी इतिहासमा कुनै पनि राष्ट्रपतिको तुलनामा धेरैलाई व्यक्तिगत क्षमादान र कम्युटेसन जारी गरेको छु र सोमबार नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सत्ता हस्तान्तरण गर्नुअघि थप कम्युटेसन वा क्षमादान जारी गर्न सक्छु ।'

कानुनमा कम्युटेसन भनेको अपराधका लागि दोषी ठहरिएपछि दिइन कम दण्डको प्रतिस्थापन हो । राष्ट्रपति बाइडेनले गत महिना करिब एक हजार ५०० व्यक्तिको सजाय घटाउने र अन्य ३९ जनालाई माफी दिने निर्णयमा हस्ताक्षर गरेका थिए । गत डिसेम्बरमा माफी पाउनेमा बन्दुक र करसम्बन्धी अपराधमा दोषी ठहर भएपछि जेल सजाय सुनाइएका राष्ट्रपति बाइडेनका छोरा हन्टर पनि थिए ।

यसैबीच बाइडेनले केही सहयोगी र पूर्वअधिकारीहरूलाई पूर्णमाफी दिने वा नदिने भन्ने विषयमा बहस गरिरहेका छन् किनकि ट्रम्पले यसअघि 'प्रतिशोध'को संज्ञा दिएका थिए । गत डिसेम्बरमा राष्ट्रपति बाइडेनले संघीय मृत्युदण्डमा रहेका ४० मध्ये ३७ जना कैदीको मृत्युदण्डको सजाय घटाएका थिए ।

सन् २०१३ को बोस्टन म्याराथन बम वर्षकमध्ये एक, सन् २०१८ मा ११ जना यहूदी उपासकको हत्या गर्ने एक बन्दुकधारी र सन् २०१५ मा नौ जना अश्वेत चर्च गएको आरोपमा हत्या गर्ने श्वेत सर्वोच्चतावादीलाई यस सजाय छुटको निर्णयबाट हटाइएको थियो । रिपब्लिकन नेता ट्रम्पले बाइडेनको कार्यकालमा रोकिएका संघीय मृत्युदण्ड पुनः सुरु गर्ने संकेत दिएका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५७९०० | प्रति तोला – ० | प्रति तोला – १८९० |

## हिउँ पन्छाएर हवाई सेवा



■ प्रभाव संवाददाता

**सिमकोट (हुम्ला)–** हिउँ पन्छाएर यहाँको सिमकोट विमानस्थलमा शुक्रबारदेखि हवाई सेवा सञ्चालनमा ल्याइएको छ ।

विमानस्थलको धावनमार्गमा जमेका हिउँ पन्छाएर हवाई सेवा सञ्चालन गरिएको सिमकोट विमानस्थल प्रमुख महेन्द्र सिंहले बताए । बिहीबार बिहानदेखि जिल्लामा हिमपात भएको थियो । नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीले संयुक्त रुपमा विमानस्थलको धावन मार्ग, पार्किङस्थल लगायतका हिउँ पन्छाएको हो ।

हिउँ पन्छाउने बित्तिकै नेपालगञ्जबाट सीता र समिट एयरले उडान भरेको विमानस्थल प्रमुख सिंहले बताए । हिमपातका कारण दुई दिनदेखि सदरमुकाम सिमकोट जोड्ने सडक अवरुद्ध छन् ।

## ऊर्जा खपतको चिन्ता गर्नुपर्दैन : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले स्वदेशमै फलामखानी र मल कारखानाजस्ता ठूला उद्योग स्थापना हुने क्रममा रहेका र बन्द भएका उद्योगलाई नयाँ ढाँचामा सञ्चालनको तयारी भएकाले उत्पादित ऊर्जाको खपतको चिन्ता लिइरहनु नपर्ने बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादक सङ्घ (इप्पान) को रजतजयन्तीका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले ऊर्जा उत्पादकले उत्पादित ऊर्जा खपतका ठाउँ आफैं बनाउने भएकाले ऊर्जा बिक्रीको चिन्ता गरिरहनु नपर्ने बताएका हुन् । सरकारले आगामी ११ वर्षभित्र २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादनको मार्गचित्र तयार गरेको उनले बताए ।

'हामीसँग आठ वटा औद्योगिक क्षेत्र छन् । धौवादी फलाम खानी र मल कारखाना खोल्दैछौं । दैलेखमा ग्यास उत्पादन हुँदैछ । ध्वस्त भएका उद्योगले पुनःजीवन पाउँदैछन् । ती सबैमा ऊर्जाका खपत हुनेछ', प्रधानमन्त्री ओलीले भने, 'ग्रिन हाइड्रोजन इनर्जी उत्पादन गर्न पनि अनुसन्धान भइरहेको छ । यस क्षेत्रमा नयाँनयाँ सम्भावनाको खोजी गर्नुपर्नेछ । देशलाई आधुनिकीकरण र विकास गर्दै अध्याँरोबाट उज्यालोमा लाने प्रयासमा लागेका ऊर्जा उत्पादकको योगदानको म प्रशंसा गर्दछु । तपाईंहरु लगानी गर्नुस्, लगानी खोज्दै अरुलाई खोला दिइरहनु पर्दैन ।'




प्रधानमन्त्री ओलीले ऊर्जा क्षेत्रमा सरकारको लगानीका साथै निजी र वैदेशिक क्षेत्रको लगानीलाई पनि उत्तिकै महत्व दिइएको जनाउँदै व्यवस्था बदलियो अवस्था बदलिएन भन्नेहरुलाई ऊर्जा उत्पादकहरुले हासिल गरेको सफलताले देशको अवस्थामा परिवर्तन ल्याएको स्पष्ट गरे। प्रधानमन्त्री ओलीले आयातीत कोइला, पेट्रोल, डिजेललगायत वातावरणमा समेत प्रभाव पार्ने 'फोसिल फ्युल'को प्रयोग घटाउँदै अधिकभन्दा अधिक नवीकरणीय ऊर्जा उत्पादन बढाएर मुलुकलाई समृद्ध बनाएरै छाड्ने दृढता व्यक्त गरे ।

### लक्ष्यका लागि ६२ खर्ब लगानी आवश्यक

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न रु ६२ खर्ब लगानी आवश्यक पर्ने बताएका छन् ।

इप्पानाको रजत जयन्ती समारोहमा उनले विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न रु ६२ खर्ब लगानी आवश्यक पर्नेमा रु ४० खर्ब स्वदेशमा रहने प्रक्षेपण गरिएको जानकारी दिए ।

कार्यक्रममा दिइएको जानकारी अनुसार कुल उत्पादनमा निजी क्षेत्रको योगदान करिब ८० प्रतिशतभन्दा बढी रहेको छ । चार हजार मेगावाट क्षमताका आयोजना निर्माणाधीन रहँदा चार हजार तीन सय मेगावाट क्षमताका आयोजना खरिद बिक्री सम्झौता (पिपीए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा छन् भने १२ हजार नौ सय ६५ मेगावाट क्षमताका आयोजना अध्ययन सकेर पिपीएको पर्खाइमा रहेका इपपानले जनाएको छ । यीमध्ये पनि ८० प्रतिशतभन्दा बढी आयोजना निजी क्षेत्रले विकास गरिरहेका छन् ।

त्यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले गरिब तथा विपन्न वर्गलाई ऊर्जाको विकासमार्फत समृद्धिको यात्रामा जोड्ने गरी सरकारले काम गरिरहेको बताएका छन् । उक्त कार्यक्रममा मन्त्री खड्काले जलविद्युत् केन्द्रको शेयर बिनाधितो प्रभावित क्षेत्रका गरिब तथा विपन्न वर्गलाई दिने प्रबन्ध मिलाउन लागिएको बताए ।

'अहिले हुनेखाने वर्गले मात्र जलविद्युत् केन्द्रमा शेयर हालिरहेको अवस्था छ, सरकारले प्रभावित क्षेत्रका विपन्न वर्गलाई लक्षित गरी बिनाधितो शेयरको व्यवस्था गर्न लागेको छ', मन्त्री खड्काले भने ।

## नमूना लिएर फर्कियो चिनियाँ टोली

■ प्रभाव संवाददाता

**दैलेख–** दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा पेट्रोलियम पदार्थ अन्वेषणको 'ड्रिलिङ' कार्य सम्पन्न भएसँगै निस्किएको नमुना लिएर प्राविधिक विज्ञ टोली चीन फर्किएको छ । गत वैशाख २३ गतेदेखि सुरु गरिएको ड्रिलिङ कार्यबाट भेटिएको नमुना लिएर विज्ञ टोली चीन गएको हो ।

खानी तथा भूगर्भ विभागका भूगर्भविद् प्रकाश लुइँटेलले चार हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ कार्य सकिएसँगै त्यसबाट आएका नमुना 'स्याम्पल' लिएर चीनको प्राविधिक टोली फर्किएको बताए । उनले भने, 'विज्ञहरूले चार हजार एक सय तीन सय मिटर गहिराइसम्म खन्दा दुई/दुई मिटरको फरकमा गहिराइबाट गिट्टी र बालुवाको नमुना सङ्कलन गरिएको थियो । प्राप्त नमुनालाई सङ्कलन गरी सोर्स रक, रिजर्भ वायर रक र सिल रक थप अध्ययनका लागि मालवाहक गाडीमा ढुवानी गरेर टोली चीन फर्किएको छ ।'

पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको ड्रिलिङ कार्य सकिएपछि केसिङ र सिमेन्टको काम सकिएको भूगर्भविद् लुइँटेलले बताए । उनले पेट्रोलियम पदार्थको अन्वेषणका लागि चीनबाट आएको ३५ जनाको प्राविधिक टोलीमध्ये १५ जना मात्र जलजलेमा रहेका र अन्य सबै फर्किएको जानकारी दिए । तीन महिनापछि उत्खननका लागि ग्यास भण्डारण र प्रशोधनको काम अगाडि बढाउन सकिने उनले बताए ।

भूगर्भविद् लुइँटेलले भने, 'पहिलो चरणमा चिनियाँ प्राविधिकहरूले दैलेखको स्थलगत अध्ययन गरेर पेट्रोलियम पदार्थ हुनसक्ने सम्भावित ठाउँ पत्ता लगाएका थिए । त्यसैका आधारमा ड्रिलिङका लागि रिङ हाउस निर्माण गरी काम सुरु भएको थियो । खानी भेटिएपछि त्यसको आर्थिक विश्लेषण हुने र त्यसपछि मात्र उत्पादनको आवश्यक काम अगाडि बढ्ने छ ।'

दैलेखको शिरस्थान नाभिस्थान पादुका स्थानमा तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्ने गरी चिनियाँ सरकारसँग नेपाल सरकारले सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता गरेको थियो ।

## भृकुटीमण्डपमा फर्निचर एक्स्पो सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उड फर्निचर तथा होम टेक्सटायल अन्तर्राष्ट्रिय प्रदर्शनीको दसौं संस्करण शुक्रबारदेखि भृकुटीमण्डपमा सुरु भएको छ । प्रदर्शनीमा नेपाल, भारत, चीनलगायत मुलुकका काठजन्य सामग्री उत्पादक क्षेत्रका एक सयभन्दा बढी कम्पनीका विभिन्न ब्राण्डहरू प्रदर्शनीमा राखिएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रदर्शनीको उद्घाटन गर्दै मुलुकमा उद्योग स्थापना हुन नसक्दा स्वरोजगारका लागि प्रदान गरिएका तालिममा गरिएको लगानीबाट लाभ लिन नसकिएको बताए । उनले सरकारले विभिन्न प्राविधिक तालिम प्रदान गरे पनि तत्काल रोजगारी प्राप्त गर्न नसक्दा लगानीको लक्ष्य र प्रतिफल प्राप्त गर्न नसकिरहेको अवस्थामा काठजन्य उद्योगले त्यस्ता जनशक्तिको सदुपयोग गर्न आवश्यक रहेको धारणा राखे ।



मन्त्री भण्डारीले भने, 'सीप प्राप्त जनशक्तिलाई साना उद्योग खोल्न सरकार, निजीक्षेत्र र बैंकलगायत वित्तीय संस्थाले सहयोग गर्नुपर्छ । उद्योग क्षेत्रमा नयाँ प्रविधि र उपकरण भित्र्याउन सातै प्रदेशको सदरमुकाममा यस्ता प्रदर्शनी आयोजना गरिनुपर्छ, जसबाट स्वरोजगार हुन सहयोग पुऱ्याउँछ ।'

विदेशमा प्रयोग भएका नवीनतम प्रविधि नेपाल भित्र्याउने, उद्योग व्यवस्थापन गर्ने र नेपालका कच्चापदार्थको प्रयोग गरी उत्पादन गरिएका वस्तुहरू विदेश निर्यातका लागि सहजीकरण गर्ने उद्देश्यले मेला आयोजना गरिएको जनाइएको छ । 'विदेशी कम्पनीले काठजन्य सामग्री उत्पादनमा प्रयोगमा ल्याएका नवीनतम प्रयोगबारे एकै थलोबाट नेपाली उद्यमीले जानकारी प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको छ। यसले हाम्रा उत्पादनको बजार प्रवर्द्धनमा समेत टेवा पुग्नेछ', मिडिया स्पेस सोलुसनका प्रबन्ध निर्देशक सृजल भट्टराईले भने, 'हाम्रो अर्थतन्त्र उत्साहजनक ढङ्गले अघि बढ्न नसकिरहेको परिस्थितिमा नेपाली उद्योगलाई कसरी माथि लैजान सकिन्छ भनी जानकारी दिने प्रदर्शनी सफल हुने अपेक्षा गरिएको छ।'

प्रदर्शनीमा काठजन्य उत्पादन प्लाइउडदेखि घर, होटल, रेष्टुरेन्ट र महलका ढोका, झ्याल, भऱ्याङ तथा अन्य फर्निचर र सजावटका सामग्री उत्पादन कम्पनीका एक सयभन्दा बढी कक्ष छन् । प्रविधि हस्तान्तरणसहितको लक्ष्य लिइ आयोजना गरिएको प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । तीनदिने प्रदर्शनीमा करिब ३० हजार दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

प्रदर्शनीमा 'एआई'का माध्यमबाट घरभित्रको साजसज्जा कसरी गर्ने तथा साँघुरो ठाउँमा अन्तरिक सजावट गर्न सकिने विभिन्न उपायबारे जानकारी प्राप्त हुनेछ । प्रदर्शनीका क्रममा माघ ५ र ६ गते सरोकार भएकाहरूबीच फर्निचर क्षेत्रबारेमा जानकारी गराउन कार्यशालासमेत गरिने जनाइएको छ ।

## दुग्ध विकास संस्थानले तिऱ्यो ३१ वर्षको सम्पत्ति कर

■ प्रभाव संवाददाता




**काठमाडौं–** दुग्ध विकास संस्थानले काठमाडौं महानगरपालिकालाई ३१ वर्षको सम्पत्ति कर एकैपटक तिरेको छ । गत पुस २८ गतेको मूल्याङ्कनबमोजिम संस्थानले रु एक करोड दुई लाख ८७ हजार नौ सय २६ सम्पत्ति कर महानगरलाई तिरेको हो । महानगर-२६ सचिव केदार रिमालका अनुसार संस्थानले आर्थिक वर्ष २०४९/५० देखि आव २०८१/८२ सम्मको घरजग्गा/सम्पत्ति कर बुझाएको हो ।

संस्थानसहित सरकारका स्वामित्वमा भएका १२ वटा व्यावसायिक सङ्घसंस्थालाई कर दाखिला गर्न महानगरको राजस्व विभागले यसअघिनै पत्राचार गरिसकेको छ । महानगरले जारी गरेको राजस्व ऐन, २०७५ तथा आर्थिक ऐनले सम्पत्ति करको दररेट तथा सङ्कलन प्रक्रियाबारे व्यवस्था गर्दै आएको छ । जसअनुसार नक्सापास भएको दुई वर्षलाई निर्माण अवधि मानेर त्यसपछिको अवधिदेखि घरजग्गा/सम्पत्ति कर गणना हुने व्यवस्था रहेको राजस्व विभागका प्रमुख दीपक अधिकारीले जानकारी दिए ।

प्रमुख अधिकारीले भने, 'पत्राचारपछि करदाताहरु सम्पर्कमा आउने क्रम सुरु भएको छ । यो सकारात्मक पक्ष हो । आर्थिक ऐनले गरेको बक्यौता कर असुलीसम्बन्धी व्यवस्थाबमोजिम राजस्व असुल गरिनेछ ।'

ऐनबमोजिम कर दाखिला नगर्ने करदातालाई राजस्व विभाग वा वडा कार्यालयले पहिलो पटक ३५ दिनको समय तोकी पत्र, इमेल, वा म्यासेजमार्फत जानकारी गराउने उनको भनाइ छ । समय अपुग भएर थप समय माग गरेमा राजस्व विभागका प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा १० दिनसम्म अवधि थप गर्नसक्ने व्यवस्था रहेको जनाइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ